World Vision

कृषक पुस्तिका
Farmer's Manual

ललितपुर जीविकोपार्जन कार्यक्रम

- अरुण जि.सी.

इकार्डस् - नेपाल   वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

ललितपुर जीविकोपार्जन कार्यक्रमका झलकहरु

कृषक पुस्तिका

(Farmer's Manual)

ललितपुर जीविकोपार्जन कार्यक्रम

लेखक	: अरुण जि.सी. gcarun88@gmail.com
सम्पादक	: दीपक पौडेल, प्रमुख जिल्ला कृषि विकास कार्यलय, ललितपुर राजबहादुर शाही, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल
ले-आउट	: इन्स्पायर्ड मिडिया , फोन: ०१-४४६१०८२
अफसेट प्रिन्ट	: सुस्मित प्रिन्टिङ्ग एण्ड पब्लिकेशन फोन: ०१-४४८२२१४
कभर डिजाइन	: किरण घिमिरे
संस्करण	: २०६९, प्रथम
प्रति	: ५००
प्रकाशक	: ललितपुर जीविकोर्पाजन कार्यक्रम इकार्डस्-नेपाल, कोटेश्वर, काठमाडौं, नेपाल ecards@wlink.com.np, www.ecards.org.np फोन : ०१-४६०१७५७ वर्ल्ड भिजन इन्टरनेश्नल नेपाल, ललितपुर क्षेत्र विकास कार्यक्रम, कुमारीपाटी फोन : ०१-५५३३२९५

विषय सुची

१. तरकारी खेती गर्नु पूर्व ध्यान दिनुपर्ने कुराहरु...१

२. काउली खेती प्रविधि..४

काउलीमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९१.७ %
प्रोटिन	२.४ %
चिल्लो पदार्थ	०.२ %
कार्वोहाइड्रेट	४.९ %
भिटामिन ए	७० आइ. यू
भिटामिन सी	७५ आइ. यू

भिटामिनको मात्रा प्रति १०० ग्राम काउलीमा

३. बन्दा खेती प्रविधि..८

बन्दामा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९२.४ %
प्रोटिन	१.४ %
चिल्लो पदार्थ	०.२ %
कार्वोहाइड्रेट	५.३ %
भिटामिन ए	४०० आइ. यू
भिटामिन सी	१०० आइ. यू

भिटामिनको मात्रा प्रति १०० ग्राम बन्दामा

४. ब्रोकाउली खेती प्रविधि...११

ब्रोकाउलीमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	८९.९ %
प्रोटिन	३.३ %
चिल्लो पदार्थ	०.२ %
कार्वोहाइड्रेट	५.५ %
भिटामिन ए	९००० आइ. यू
भिटामिन सी	१३७ आइ. यू

भिटामिनको मात्रा प्रति १०० ग्राम ब्रोकाउलीमा

५. गोलभेडा खेती प्रविधि..१५

गोलभेडामा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९३.१ %
प्रोटिन	१.९ %
चिल्लो पदार्थ	०.१ %
कार्वोहाइड्रेट	३.६ %
रेसा	०.७ %
खनिज	०.६ %
भिटामिन ए	३२० आइ. यू
भिटामिन सी	३१ आइ. यू
थायमिन	०.०७ %
राइबोफ्लबिन्	०.०१ %

भिटामिन प्रति १०० ग्राममा गोलभेडामा

६. काँक्रो खेती प्रविधि..१९

काँक्रो पाउने पौष्टिक तत्वहरु



तत्वहरु	मात्रा
पानीको मात्रा	९५.२%
प्रोटिन	१ %
चिल्लो पदार्थ	०.५ %
कार्वोहाइड्रेट	३%
रेसा	१ %
क्याल्सियम	१६ मि.ग्रा.
भिटामिन ए	१०५ आइ . यू
भिटामिन सी	२.८ मि.ग्रा.
थायमिन	०.०२७ मि.ग्रा.
राइबोफ्बिन्	०.०३३ मि.ग्रा.

भिटामिन प्रति १०० ग्राममा काँक्रो

७. खुर्सानी खेती प्रविधि..२३

खुर्सानी पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	८५.७ %
प्रोटिन	२.९ %
चिल्लो पदार्थ	०.६ %
कार्वोहाइड्रेट	३.० %
रेसा	६.८ %
खनिज	१.० %
भिटामिन ए	२९२ आइ. यू

भिटामिन सी	१११ मि.ग्रा.
थायमिन	०.१९ %
राइबोफ्बिन्	०.३९ %

भिटामिन प्रति १०० ग्राममा खुर्सान

८. भेडे खुर्सानी खेती प्रविधि..२६

भेडे खुर्सानी पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९३.९ %
प्रोटिन	०.९९ %
चिल्लो पदार्थ	०.३ %
कार्बोहाइड्रेट	६.०३ %
रेसा	२.१ %
भिटामिन ए	३१३१ आइ. यू
भिटामिन सी	१२७७ मि. ग्रा.

भिटामिन प्रति १०० ग्राममा भेडे खुर्सानी

९. तिते करेला खेती प्रविधि..२९

तिते करेलामा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९४.० %
प्रोटिन	१.० %
चिल्लो पदार्थ	०.१७ %
कार्बोहाइड्रेट	३.७ %
रेसा	२.८ %
क्याल्सियम	१९ मि.ग्रा.
भिटामिन ए	४७१ आइ. यू
भिटामिन सी	८४ मि.ग्रा.
शक्ति	१७ किलो क्यालोरी

भिटामिन प्रति १०० ग्राममा तिते करेला

....३२

[illegible]	मात्रा
पानीको मात्रा	९४.४ %
प्रोटिन	२.७ %
चिल्लो पदार्थ	०.२ %
कार्बोहाइड्रेट	४.९%
रेसा	३.३ %

क्याल्सियम	१०३ मि.ग्रा.
भिटामिन ए	१०,५०० आइ. यू
भिटामिन सी	७० मि.ग्रा.
शक्ति	२६ किलो क्यालोरी

भिटामिन प्रति १०० ग्राममा साग

११. फर्सी (स्क्वास) खेती प्रविधि...३४

फर्सीमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	%
प्रोटिन	०.६ %
कार्वोहाइड्रेट	१.०%
रेसा	६.० %
क्याल्सियम	१३ मि.ग्रा.
भिटामिन ए	१,११७ आइ. यू
भिटामिन सी	४.६ मि.ग्रा.
शक्ति	१६ किलो क्यालोरी
भिटामिन ई	०.१ मि.ग्रा.

भिटामिन प्रति १०० ग्राममा साग

१२. मूला खेती प्रविधि...३७

मूलामा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९४.४ %
प्रोटिन	०.७ %
चिल्लो पदार्थ	०.१ %
कार्वोहाइड्रेट	३.४ %
भिटामिन ए	५ आइ. यू
भिटामिन सी	१५ मि.ग्रा.

भिटामिन प्रति १०० ग्राममा मूला

१३. गाँजर खेती प्रविधि.. ३९

गाँजरमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९०.४ %
प्रोटिन	१.० %
कार्वोहाइड्रेट	३.० %
भिटामिन ए	१३,७९० आइ. यू
भिटामिन सी	२.६ मि.ग्रा.
रेसा	१२ %
क्याल्सियम	३२.० मि.ग्रा.
फलाम	०.९ मि.ग्रा.
पोटासियम	२३७ मि.ग्रा.
शक्ति	३५ किलो क्यालोरी

भिटामिन प्रति १०० ग्राममा गाँजर

१४. सिमी खेती प्रविधि.. ४१

सिमी पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	९१.४ %
प्रोटिन	१.७ %
चिल्लो पदार्थ	०.१ %
कार्वोहाइड्रेट	४.५ %
रेसा	१.८ %
खनिज	०.५ %
भिटामिन ए	२२१ आइ. यू
भिटामिन सी	११ मि.ग्रा.
थायमिन	०.०८ मि.ग्रा
राइबोफ्लाबिन्	०.०६ मि.ग्रा

भिटामिन प्रति १०० ग्राममा सिमी

१५. केराउ खेती प्रविधि..४४

केराउमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
पानीको मात्रा	७२.० %
प्रोटिन	७.२ %
चिल्लो पदार्थ	०.१ %
कार्वोहाइड्रेट	१५.८ %
रेसा	४.० %
खनिज	०.८ %
भिटामिन ए	१३९ आइ. यू
भिटामिन सी	९ मि.ग्रा.
थायमिन	०.२५ %
राइबोफ्बिन्	०.०१ %

भिटामिन प्रति १०० ग्राममा केराउ

१६. कुरिलो खेती प्रविधि..४७

कुरिलोमा पाउने पौष्टिक तत्वहरु

तत्वहरु	मात्रा
प्रोटिन	३.१ %
शक्ति	२.२ किलो क्यालोरी
कार्वोहाइड्रेट	३.७ %
रेसा	०.८ %
क्याल्सियम	२२ मि.ग्रा.
फोस्फोरस	५२ मि.ग्रा.
फलाम	०.६ मि.ग्रा.
पोटासियम	३०२ मि.ग्रा.
स्याग्नेसियम	१८ मि.ग्रा.

१७. च्याऊ खेती प्रविधि..५०

२१. मल र मलमा पाईने विरुवाका पोषक तत्वहरु...५९

तरकारी खेती गर्नु पूर्व ध्यान दिनु पर्ने कुराहरु

मानिस स्वस्थ रहन सन्तुलित खान खानुपर्छ भन्ने तथ्य हामी सामु जगजाएर नै छ । दालभातले हामीलाई आवश्यक उर्जा प्रदान गर्दछ भने तरकारी तथा फलफुलले हामीलाई उर्जाकासाथसाथै रोगसंग लड्ने क्षमता प्रदान गर्दछ । अतः तरकारी खेती पैसा आर्जन गर्ने मध्यमको साथ साथै आफ्नो स्वास्थ मजबुद बनाउने मध्यम पनि बनाउनु पर्दछ ।

तरकारी खेती गर्दा धैरै कुरामा ध्यान दिन जरुरी छ । नत्र यो आय आर्जनको बाटो भन्दा पनि खर्च हुने बाटो मात्र बन्न सक्दछ । त्यसैले तरकारी खेति गर्दा निम्न कुरालाई राम्रोसंग ध्यान दिन जरुरी छ ।

१. बजार

हाम्रो प्रमुख उद्देश्य भनेको तरकारी खेती गरेर दुईचार पैसा कमाऔं र जीविकोर्पाजनमा केही सहजता ल्याऔं भन्ने नै हो । त्यसैले सर्बप्रथम आफुले उत्पादन गर्न लागेको उपज र त्यसको बजारको मागलाई राम्रोसंग अध्ययन गर्नु पर्छ । साना किसानहरुले तरकारी उत्पादन गर्दा थोरै जग्गाबाट धैरै आम्दानी आउने खालका उपजको उत्पादन गर्दा उपयुक्त हुन्छ । अर्थात, कम आयतन र उच्च मूल्यका कृषि उपजहरु छान्नु उपयुक्त हुन्छ ।

२. मौसम

तरकारी उत्पादन गर्नु पूर्व किसानले कुन समयमा धैरै पैसा पाउँछन् त्यो समयलाई लक्षित गरेर उत्पादन गरे मनग्य आम्दानी गर्न सकिन्छ । जस्तै बैसाख-जेष्ठमा रु ३ प्रति के.जी.मा पाउने बन्दकोवी असोजमा रु ४२ प्रति के.जी. सम्म बिक्री भएको तथ्याँक कालिमाटी बजारसँग छ । अतः यसको मागको बारे राम्रोसंग जानकारी भए मनग्य आम्दानी गर्न सकिन्छ । सम्भव भएसम्म बेमौसमी तरकारी खेती गरौं किनकी यसबाट मौसमी भन्दा धैरै आम्दानी गर्न सकिन्छ र बजारको पनि समस्या हुन्न ।

३. जातको छनौट

तरकारी खेती गर्छु मात्र भनेर हुदैन । यसमा त उचित समयमा उचित जात लगाउन जरुरी छ । त्यसैले आफ्नो हावापानी सुहाउँदो जात कुन कुन छन् र कहिले कसरी लगाउने भनेर कृषि प्रविधिकबाट जानकारी लिनु उत्तम हुन्छ ।

४. माटो तथा हावापानी

खेतबारीमा तरकारी लगाउँदा माटोको गुणले धेरै हद सम्म असर गर्दछ । माटोको बनाओट जस्तै बलौटे, पांगो वा चिम्टाइलो, माटोको पि.एच. मान (अम्लीय वा क्षारीय), माटोमा भएको खाद्य तत्वको मात्रा, खेत वा बारीको निकासको अवस्था आदिले उत्पादनमा निकै भूमिका खेल्दछ । तसर्थ, आफ्नो खेत बारीको माटो जाँच गराई त्यसको अवस्था बारे जानकारी राखी आवश्यक उपचार गराउनु पर्दछ ।

त्यसका साथै आफ्नो ठाउको हावापानी कस्तो छ र त्यस हावा पानी अनुकुल कुन कुन बाली लगाउन उपयुक्त हुन्छ त्यो बारे पनि कृषि प्रविधिकसंग उचित परार्मश लिनु पर्दछ ।

५. सिंचाई

बाली अनुसार सिंचाइको तालिका फरक फरक हुन्छ । तसर्थ आफुले लगाउन लागेको बालीलाई कति सिंचाई आवश्यक पर्दछ र त्यस अनुसार आफुसंग सिंचाई सुविधा छ या छैन विचार गर्नु पर्दछ । पानीको अभाव भएका क्षेत्रमा आकाशे पानी संकलन तथा थोपा सिंचाइको प्रर्वधन गर्नु उचित हुन्छ ।

६. रोग किराको ब्यावस्थापन

कुनै पनि बाली लगाउँदा त्यसमा लाग्न सक्ने रोग किरा बारे अग्रिम जानकारी हुनुपर्दछ र त्यस्ता रोग तथा किराबाट कसरी बालीलाई बचाउँन सकिन्छ, त्यसबारे जानकारी लिनुपर्दछ र तद्अनुसार सुरक्षा उपायहरु अपनाउनु पर्दछ । सधैं याद राखौं, रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिन बुद्धि मानी ठहरिन्छ ।

७. यातायातको सुविधा

व्यावसायिक रुपमा तरकारी खेती गर्दा यातायात सुविधको विशेष हेका राख्नु पर्दछ । साथै तरकारी तथा फलफुलको ढुवानी गर्दा हुने क्षति न्यूनिकरणमा ध्यान दिनुपर्दछ । यातायातको सुविधा राम्रो नभए ढुवानी गर्दा कम क्षति हुने बाली लगाउनु राम्रो हुन्छ ।

८. परार्मश सेवा

व्यावसायिक रुपमा तरकारी उत्पादन गर्दा उत्पादन पूर्व र उत्पादनको दौरान कृषि प्रविधिज्ञहरु संग परार्मश लिनु राम्रो हुन्छ । नियमित परार्मशले सम्भावित क्षतिको न्यूनिकरण गर्दछ । कतिपय सामान्य जानकारी नहुँदा किसानले ठूलो क्षति बेहोर्ने गरेका छन् । तसर्थ, कृषकहरुले आफ्नो नजिकको सेवा केन्द्र, जिल्ला स्थित कार्यालयहरु तथा अन्य निकायबाट बेलैमा उचित परामर्श लिने बानी बसाल्नुपर्छ । त्यसै गरि विभिन्न संचार माध्यमहरुबाट प्रकाशित तथा प्रसारित विविध सामाग्रीहरुको पनि अध्ययन गर्नुपर्दछ ।

९. मलको व्यवस्था उत्पादनका सामाग्री

बाली विरुवामा मलको प्रयोग गर्दा सिफारिस गरिएको मात्रामा प्रयोग गरे मात्र त्यसले दिने फाईदा उचित मात्रमा पाईन्छ । नत्र भने खर्च अनुसारको आम्दानी नभई निरास हुनुपर्छ । त्यस बाहेक सिफारिस मात्राको मल प्रयोग नगर्दा विभिन्न रोग किराको आक्रमण पनि बढ्छ ।

काउली खेती प्रविधि

परिचयः



हिउँदे तरकारीको रानी उपनामले चिनिने काउली, नेपालमा निकै प्रचलित तरकारी मध्येको एक पर्दछ । यसको उत्पति भूमध्य क्षेत्रबाट यूरोपभर फैलिएको विश्वास गरिन्छ । र, काउली १८औं सताब्दीबाट नै निकै प्रचलित तरकारीको रुपमा छ । यो प्रति के.जी. रु. ८ देखि रु. ७४ सम्ममा बिक्री भएको पाईएको छ । तर सरदरमा रु. २९ प्रति के.जी. यसको थोक बजार मूल्य पाइएको छ ।

हावापानी

काउली हिउँदे तरकारी हो । तर, विभिन्न जातहरु हिउँदबाहेक अन्य मौसममा पनि लगाउन सकिन्छ ।

बेमौसमी काउली

अगौटे काउलीलाई १,३०० देखि २,२०० मिटरको उचाईमा अषाढबाट मंसिर सम्म लगाउन सकिन्छ । यसको लागि सिल्भर कप ६०, ह्वाइट फ्लास, स्नो काउन, आदि उपयुक्त हुन्छ । खुमल ज्यापू, एन.एस.- ९० र स्नो डोम कार्तिकको अन्तिमबाट टिप्न योग्य हुन्छन् । त्यसै गरी असोजबाट मंसिरको सुरुमा लगाइएका स्नो डोम र एन.एस.-९० जातहरु फाल्गुनबाट बैशाखसम्म टिप्न सकिन्छ । एन.एस.- ९०, स्वेता जातका काउली मध्यमाघबाट फाल्गुनको सुरु सम्म रोपेर बैसाखदेखि आषाढसम्म टिप्न सकिन्छ ।

माटो

यो तरकारी राम्रो सिंचाइ तथा निकासको व्यवस्था भएको सबै माटोमा फल्दछ । अगौटे जातहरु हलुका माटोमा तथा पछौंटे जातहरु खँदिलो माटोमा राम्रो हुन्छ । खदिलो माटोमा फलेको काउली खुकुलो माटोको तुलनामा लामो समय भण्डारण गर्न सकिन्छ । पि.एच. मान ६.० देखि ६.५ सम्म भएको माटोमा काउली राम्रो हुन्छ ।

काउलीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

काउलीको प्रकार	जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	पहिलो उत्पादन समय	उत्पादन- के.जी./रोपनी
अगौटे	पुषा कात्तिकी, सर्लाही, दिपाली	चैत-बैशाख	४५X४५	३०-४०ग्राम	६० दिन	५००-७००
मध्यजात	काठमाडौं स्थानीय, ज्यापु	साउन-भदौं	६०X ४५	३० ग्राम	१०० - ११० दिन	८००-१०००
पछौटे	किवोजेन्ट, एन.एस. ९०, डोल्पा, स्नोवल	असोज-मंसिर	६०X ४५	१८०० वेर्ना वा ३० ग्राम	१०० - ११० दिन	८००-१०००
हाइब्रीड	सिल्भर कप ६०	जेठ-भाद्र	४५X४५	१५ ग्राम	४०-६० दिन	४००-५०००
	ह्वाईट फलास	मध्य श्रावण-भाद्र	६०X ४५	१५ ग्राम	५०-६५ दिन	४००-५००
	रमि	मध्य श्रावण-भाद्र	४५X४५	१५ ग्राम	७०-८० दिन	६००-८००
	एन.एस ९०	भाद्र-असोज	६०X ६०	१५ ग्राम	८०-९०	८००-१०००
	एन.एस ८४	मध्य माघ-फाल्गुन	६०X ६०	१० ग्राम	८०-९०	८००-१०००
	स्वेता	असोज-फाल्गुन	७५X ७५	१० ग्राम	७०-८० दिन	८००-१२००
	स्नो डोम	भाद्र-कार्तिक	७५X ७५	१५ ग्राम	९० -१२० दिन	१०००-१५००
	मिल्कीवे				१२० दिन	२६२५
	ह्वाइट फ्ल्यास	श्रावण-भाद्र	६०X ४५	१५ ग्राम	५०-५५ दिन	१६५०
	स्नो मिस्टीक	भाद्र-कार्तिक	७५X ७५	१५ ग्राम	८० दिन	१७५०-२०००
	स्नो क्राउन	भाद्र-कार्तिक	७५X ७५	१५ ग्राम	७० दिन	११००-१२५०

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
हाइब्रीड	२००० के.जी.	१० के.जी.	६ के.जी.	५ के.जी.
अन्य	१५०० के.जी.	१० के.जी.	६ के.जी.	४ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१७ के.जी.	१३ के.जी.	८ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा): (काठमाडौं लोकल)

लागत तर्फ

शीर्षक	**एकाई**	दर (रु)	परिमाण	जम्मा रकम (रु.)
बीऊ	**ग्राम**	२	३०	६०
प्रांगारिक मल (FYM)	**के.जी.**	२	२,०००	४,०००
युरिया	के.जी.	३०	१७	५१०
डि.ए.पी.	के.जी.	४०	१३	५२०
म्यूरेट अफ पोटास	के.जी.	२५	८	२००
विषादी	एकमुष्ठ	५००	१	५००
जग्गाको भाडा	रोपनी प्रति वर्ष	८,००० (३,४०० प्रतिसिजन)	१	३,४००
कामदारको ज्याला	मान्छे दिन	४००	१२ जना	४,८००
सिंचाई	एकमुष्ठ	१,०००	१	१,०००
अन्य खर्च	एकमुष्ठ	१,०००	१	१,०००
जम्मा				१५,९९०

आम्दानी तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
काउली	के.जी	२९	१०००	२९,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	१	२००	२००
जम्मा				२९,२००

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. २९,२०० - रु. १५,९९० = रु. १३,२१०

अतः यस प्रकारले काउली खेती गर्दा प्रति मौसम रु. १५,९९० को खर्च र जम्मा रु. २९,२०० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. १३,२१० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन् ।

बन्दा खेती प्रविधि

परिचय:



काउली र बन्दा एउटै परिवार (कोल क्प) का भएका कारण यिनीहरु बीच धेरै समानताहरु छन् । बन्दाको जुस च्याऊको वीषको उपचारमा प्रयोग गर्ने गरिन्छ । कालीमाटी बजारमा बन्दाको थोक मुल्य प्रति के.जी. रु. ३ देखि रु. ४२ सम्म पाइएको छ भने सरदर रु. १८ मा बिक्री हुने गरेको छ । असोज महिनामा यसको मूल्य अधिक हुने गरेको छ ।

बन्दाका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	प्रथम उत्पादन समय (दिन)	उत्पादन - के.जी./रोपनी
गोल्डन एकर	श्रावण-भाद्र	६०X ४५	१८०० बेर्ना वा २५ग्राम वीऊ	९०-१००	१५०० - २५००
प्राइड अफ इंडिया	जेठ-श्रावण	४०X ३५	३००० बेर्ना वा २५ ग्राम वीऊ	८०-८५	१५०० - २५००
स्नो क्विन	जेठ-श्रावण	४०X ४०	३००० बेर्ना वा १५ ग्राम वीऊ	७०	१५०० - २५००
ग्रीन स्टोन	जेठ-श्रावण	४०X ४०	३००० बेर्ना वा १५ ग्राम वीऊ	६०	१५०० - २५००

मलखाद व्यावस्थापन

कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
१००० के.जी.	१२ के.जी.	९ के.जी.	४ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१८ के.जी.	२० के.जी.	७ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	१५	१५	२२५
प्रांगारिक मल	के.जी.	२	१,०००	२,०००
युरिया	के.जी.	३५	१८	६३०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्यूरेट अफ पोटास	के.जी.	२५	७	१७५
विषादी	एकमुष्ठ	४००	१	४००
जग्गाको भाडा	सिजन	३४००	१	३,४००
कामदारको ज्याला	प्रति मान्छे	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	१,०००	१	१,०००
अन्य खर्च	एकमुष्ठ	१,०००	१	१,०००
जम्मा				**१३,६३०**

आम्दानी तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम
बन्दा	के.जी	१८	२,०००	रु. ३६,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	१	३००	रु. ३००
जम्मा				**रु. ३६,३००**

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ३६,३०० - रु. १३,६३० = रु. २२,६७०

अत: यस प्रकारले बन्दा खेती गर्दा प्रति मौसम रु. १३,६३० को खर्च र जम्मा रु. ३६,३०० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. २२,६७० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

ब्रोकाउली खेती प्रविधि

परिचय:

ब्रोकाउली उत्तरी भूमध्य क्षेत्रबाट उत्पति भएको विश्वास गरिन्छ। यो पनि काउली समुहकै तरकारी भएकाले यिनीहरुको व्यावस्थापन तथा आवश्यकता मिल्दाजुल्दा हुन्छन्। यसको थोक मूल्य प्रति के.जी. रु. १८ देखि रु. १३० सम्म पाइएको छ। तर सरदरमा भने यसको प्रति के.जी. रु. ५८ पाइएको छ। यसको मूल्य असाढबाट भदौं सम्म अधिक हुने गरेको पाइएको छ।

ब्रोकाउलीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	पहिलो उत्पादन लिने समय	उत्पादन- के.जी./रोपनी
प्रिमियम कप	श्रावण-माघ	६०X ४५	५-१०	६०-९० दिन	४०० -८००
ग्रीन स्प्राउटिङ	भदौ-असोज	४५X ३०	५-१०	६०-९० दिन	४०० -८००
पीनाकल	श्रावण-माघ	६०X ४५	५-१०	६०-९० दिन	४०० -८००
कमट	श्रावण - कार्तिक	४५X ३०	५-१०	६०-९० दिन	४०० -८००

मलखाद व्यावस्थापन

कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
५०० के.जी.	१९ के.जी.	९ के.जी.	४ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	३४ के.जी.	२० के.जी.	७ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	२०	१०	२००
प्रांगारिक मल	के.जी.	२	५००	१,०००
युरिया	के.जी.	३५	३४	१,१९०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्युरेट अफ पोटस	के.जी.	२५	७	१७५
विषादी	एकमुष्ठ	३००	१	३००
जग्गाको भाडा	सिजन	२७०० (४ महिना)	१	२,७००
कामदारको ज्याला	मान्छे दिन	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	१,०००	१	१,०००
अन्य	एकमुष्ठ	१,०००	१	१,०००
जम्मा				**१२,३६५**

आम्दानी तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमण	जम्मा रकम (रु.)
ब्रोकाउली	के.जी	५८	७००	४०,६००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	१	५०	५०
जम्मा				**४०,६५०**

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ४०,६५० - रु. १२,३६५ = रु. २८,२८५

अतः यस प्रकारले ब्रोकाउली खेती गर्दा प्रति मौसम रु. १२,३६५ को खर्च र जम्मा रु. ४०,६५० को आम्दानी देखिनआउछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. २८,२८५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

फूलकोवी समूह (काउली, बन्दा, ब्रोकाउली) का रोग तथा किरा व्यावस्थापन

किराको नाम	व्यावस्थापन
वन्दाको पुतली	➪ किराका पहेला फुल र लाभ्रेहरुलाई जम्मा गरी नष्ट गर्ने ➪ पुतलीलाई हाते जालीले पक्रेर नष्ट गर्ने ➪ किराको प्रकोप बढी भए नुभान ७६ ई.सी. १ मी.ली. वा मालाथियन ५०% ई.सी. २ मी.ली. प्रति लिटर पानीमा झोल बनाई छर्ने
इट्टाबुटे पुतली	➪ तरकारी लिईसके पछि बाँकी रहेका बोट पातलाई नष्ट गर्ने ➪ फूलकोवी समूहका बाली र गोलभेडासँगै नलगाउने ➪ नीमबाट तयार गरिएको विषादी मार्गोसोम ०.१, ३ मि.लि. वा इकोनिम ०.०३ प्रति लि. पानीमा मिसाई छर्ने ➪ यसका शत्रु माकुरा, कमिला, चरा आदिको संरक्षण गर्ने ➪ बी. टी. तथा प्लुटेली ल्यूरको प्रयोग गर्ने
लाही	➪ सूर्तीको झोल बनाई छर्ने ➪ गाईको मुत्र १ भाग र पानी ४ भाग मिसाई २ वा ३ दिनको फरकमा छर्ने ➪ निम जन्य विषादि छर्ने

फूलकोवी समूह (काउली, बन्दा, ब्रोकाउली) का रोग व्यावस्थापन

रोगको नाम	व्यावस्थापन
पाउडरी मिल्ड्यु	➪ खेतबारी सफा राख्ने, रोग लागेका पातहरु र झारहरु नष्ट गर्ने । ➪ दुई भाग चुन र एक भाग गन्धकको धुलो मिसाई मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने अथवा क्याराथेन १-२ मि.ली. प्रति लिटर पानीमा मिसाएर पातहरु राम्ररी भिज्ने गरी छर्कने ।
डाउनी मिल्ड्यु	➪ रोग रहित क्षेत्रको स्वस्थ बीऊ तथा विरुवा मात्र प्रयोग गर्ने ➪ उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने ➪ रोगी बोट र अन्य झारपातहरु उचित तरिकाले नष्ट गर्ने ➪ फल नलागेको अवस्था भए कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५०% डब्लु. पी.) विषादी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्कने । ➪ थयोयानेट मिथाइल (रोको ७०% डब्लु. पी. वा कभर ७०% डब्लु. पी.) १ ग्राम प्रति लिटर पानीमा राखी छर्कने ।
मजाइक भाइरस	➪ रोगी बोट देखा पर्ना साथ उखेलेर नष्ट गर्ने ➪ स्वस्थ वीऊ रोप्ने ➪ रोग सार्ने खपटे किरा र लाही किराको नियन्त्रण गर्ने
क्लब रुट	➪ निकासको राम्रो प्रबन्ध मिलाउने

	➪ क्लब रुटको संक्रमण नभएको ठाउको बेर्ना मात्र प्रयोग गर्ने ➪ काउली बारीको पि.एच. मान ७.२ देखि ७.५ बनाउन कृषि चुनको प्रयोग गर्ने ➪ यदि कुनै खेतमा क्लब रुट भएको भेटिए सात बर्ष सम्म काउली परिवरका तरकारी नलगाउने
टिप बन्ट	➪ यो बन्दामा पात बन्ने बेलामा क्याल्सियमको कमिले गर्दा हुन्छ। ➪ लगातार खेत बारीमा चिस्यान राख्दा बिरुवाले जमिनबाट क्याल्सियम लिन सक्छ।
डाँठ कालो हुने	➪ यो मलको मात्रा नमिल्दा बन्दामा देखिने समस्या हो। ➪ फोस्फरसको मात्रा ज्यादा र पोटासको मात्रा कम हुँदा यो समस्या देखिन्छ।
ह्वीप टेल	➪ पात साँगुरो र बाक्लो हुने र पछिल्लो अवस्थामा पात मर्ने रोगलाई ह्वीप टेल भनिन्छ ➪ यो मोलिब्डेनमको कमीले हुन्छ ➪ ७५ ग्राम मोलिब्डेनम प्रति रोपनीमा छरेर यसको उपचार गर्न सकिन्छ
ब्राउन रट	➪ थुँगा कुहिने र डाँठ खोको र खैरो हुने रोग भनिन्छ ➪ ५० देखि ७५ ग्राम बोरोन प्रति रोपनीका दरले यसको उपचार गर्न सकिन्छ

गोलभेडा खेती प्रविधि

परिचय:

नेपाली भान्छामा प्राय: भेटिने तरकारीमा गोलभेडा पनि पर्दछ । यसको उत्पति दक्षिण अमेरिकामा भएको विश्वास गरिन्छ । यसको थोक मूल्य प्रति के.जी. रु. १४ देखि रु. ७० सम्म पाइएको छ । तर सरदरमा यसको मूल्य भने प्रति के.जी. रु. ३३ पाइएको छ ।

हावापानी

गोलभेडा न्यानो मौसमको तरकारी हो । यो तुसारो र कम तापक्रम प्रति बढी सम्वेदनशील हुन्छ । तर उच्च तापक्रम तथा उच्च आद्रताले पातका रोगहरु लाग्ने सम्भावना बढ्छ । २५^{0} सेल्सिय तापक्रममा गोलभेडाको बीउ राम्रोसँग उम्रन्छ ।

माटो

सिंचाइ र निकासको राम्रो प्रबन्ध भएको पाँगो माटो गोलभेडा खेतीलाई उपयुक्त हुन्छ । तर यो सबै प्रकारको माटोमा फल्दछ । पि.एच. मान ६.० देखि ७.० सम्म राम्रो हुन्छ । यदि माटो अम्लीय भए कृषि प्राविधिकको सल्लाहमा कृषि चुनको प्रयोग गर्नु पर्दछ ।

गोलभेडाका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

	जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	उत्पादन समय (दिन)	उत्पादन - के.जी./रोपनी
अग्लो	मनिसा, मनप्रेकस, श्रृजना	फाल्गुन-भाद्र	७५X४५	१०-१५	६५	१०००-१४००
होचो	रोमा	फाल्गुन-भाद्र	६०X ४५	१०-१५	६५	१०००-१४००
	सि.एल. ११३१	फाल्गुन-भाद्र	६०X ४५	१०-१५	६५	१०००-१४००
	एन.१६२	फाल्गुन-	७५X४५	५-१०	५०	७ के.जी. प्रति बोट

		श्रावण				
	विशेष	जेठ-श्रावण	७५X७५	५-१०	५५	४-५ के.जी. प्रति बोट
	भिम	जेठ-श्रावण	७५X७५	५-१०	६०	५-८ के.जी. प्रति बोट
	सुरक्षा	जेठ-श्रावण	७५X७५	५-१०	५५	४-५ के.जी. प्रति बोट
	मनिसा	चैत्र-श्रावण	६०X ६०	५-१०	५०	४-६ के.जी. प्रति बोट
	ग्रस्को -१	फाल्गुन-श्रावण	७५X ७५	१० - १५	४५	२-३ के.जी. प्रति बोट
	सी.एल. क्रस	फाल्गुन-जेठ	७५X ७५	१० - १५	५०	२-३ के.जी. प्रति बोट

मलखाद व्यावस्थापन

जात	**कम्पोष्ट /रोपनी**	**नाइट्रोजन /रोपनी**	**फोस्फरस /रोपनी**	**पोटास /रोपनी**
अग्ला जात	१५०० के.जी.	१० के.जी.	९ के.जी.	४ के.जी.
होचो जात	२००० के.जी.	१० के.जी.	१० के.जी.	५-७ के.जी.

वा

मलको नाम	**युरिया**	**डि.ए.पी.**	**म्यूरेट अफ पोटास**
मात्रा	१४ के.जी.	२० के.जी.	७ के.जी.

गोलभेडा (भण्टा,र खुर्सानी) का रोग तथा किराको व्यवस्थापन

रोगको नाम	**व्यावस्थापन**
डढुवा रोग	➪ रोग लागेको बोट, पुराना बोटहरु र झारपात बटुली जलाउने र खेतबारी सफा राख्ने ➪ रोग सुरु हुनेबेलादेखि ब्लाईटक्स ५०% डब्लु.पी. १.५ ग्रा. र मेन्कोजेव १.५ ग्रा. मिलाई १ लि. पानीमा मिसाई ७ दिनको अन्तरमा छर्ने
मोजाइक भाइरस	➪ स्वस्थ बोटबाट मात्र बीउ राख्ने ➪ रोगी बोट हटाई नष्ट गर्ने
लिफ कर्ल भाइरस	➪ रोग लागेको बोट देख्नसाथ उखेलेर फ्क्ने ➪ डाईमेथोएट १-२ मि.ली. प्रति लिटर पानीका दरले प्रयोग गर्ने
ओइलाउने रोग	➪ घुम्ती वाली लगाउने ➪ रोग अवरोधी जात एन. १६२ र एच.आर.डी. १ लगाउने
जरामा गाठो	➪ अन्न वालीसंग घुम्ती बाली अपनाउने

पर्ने रोग	➪ गहिरो संग खनजोत गर्ने ➪ मुख्य बालीसंग सूयमुखी, सयपत्री आदि फुल रोप्ने ➪ रोगी विरुवा नष्ट गर्ने
कोत्रे (एन्थ्राकनोज)	➪ स्वस्थ बोटबाट मात्र वीऊ राख्न ➪ क्यप्टेनले वीऊ उपचार गर्ने ➪ रोगको लक्षण देखिनसाथ व्लाईटक्स वा मेन्कोजेव ३ ग्राम प्रति लि. पानी मिसाई ७ दिनको फरकमा ३ पटक छर्ने

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	**एकाई**	**दर (रु.)**	**परिमाण**	**जम्मा रकम (रु.)**
वीऊ	ग्राम	८५	१० ग्राम	८५०
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३०	१४	४९०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्युरेट अफ पोटास	के.जी.	२५	७	१७५
विषादी	एकमुष्ठ	१,२००	१	१,२००
जग्गाको भाडा	वर्ष	८,०००	१	८,०००
कामदारको ज्याला	मान्छे दिन	४००	१५ जना	६,०००
सिंचाई	एकमुष्ठ	५००	१	५००
थाँक्रो	एकमुष्ठ	१,५००	१	१,५००
जम्मा				**२२,५१५**

आम्दानी तर्फ

शीर्षक	**एकाई**	**दर (रु.)**	**परिमण**	**जम्मा रकम (रु.)**
गोलभेडा	के.जी	४०	४,०००	१,६०,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	२	१००	२००
जम्मा				**१,६०,२००**

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. १,६१,००० - रु. २२,५१५ = रु. १,३८,४८५

अतः यस प्रकारले गोलभेडा खेती गर्दा प्रति मौसम रु. २२,५१५ को खर्च र जम्मा रु. १,६१,००० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. १,३८,४८५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

काँक्रो खेती प्रविधि



परिचय :

काँक्रो नेपाल तथा भारतको पहाडी भेगबाट उत्पती भएको विश्वास गरिने लहरे बाली हो । यसमा भिटामिन बी, भिटामिन सी, क्याल्सियम, फोस्फोरस र पोटस पाइन्छ । यो वर्षे र गृष्म समयको फल हो । काँक्रोको थोक मूल्य प्रति के.जी. रु. ८ देखि रु. ६० सम्मको पाईयो र सरदर रु. ३० पाइयो ।

माटो तथा हावापानी

यो उष्ण प्रदेशीय बाली भएका कारण चिसो ठाँउ वा मौसममा लगाउँदा प्लाष्टिक घर जस्ता तातो संरचना चहिन्छ र यो प्रक्रियालाई फोर्सिङ भनिन्छ । २५^{o}-३०^{o} सेल्सियसको तापक्रममा काँक्रो राम्रोसँग मौलाउछ । काँक्रोको लागि बलौटेदेखि बलौटे पाँगो माटो उपयुक्त हुन्छ । यसलाई पि.एच. मान ५.५ देखि ६.५ भएको माटो राम्रो मानिन्छ ।

काँक्रोका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	उत्पादन समय	उत्पादन - के.जी./रोपनी
भक्तपुर स्थानीय	फाल्गुन-जेठ श्रावण-असोज	२००X२००	५० ग्राम	६० दिन	२०००
मालिनी	फाल्गुन-जेठ श्रावण-असोज	७५X७५	१०० ग्राम	५० दिन	१०००-१४००
निन्जा	फाल्गुन-जेठ श्रावण-असोज	७५X७५	१०० ग्राम	३५ दिन	१०००-१४००

मलखाद व्यवस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	७ के.जी.	२ के.जी.	५ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटस
मात्रा	१४ के.जी.	४ के.जी.	८ के.जी.

काँक्रो बालीको किराहरु

किराको नाम	व्यवस्थापन
रातो खपटे	➪ नीममा आधारित किटनाशक विषदिको प्रयोग गर्ने ➪ मालाथिएन वा फेनिट्रोथायन २ मि.ली. प्रतिलिटर पानीमा मिलाई हाल्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
फल कुहाउने औंसा	➪ फूल फुल्नु अगावै क्युलियर फरेमोन पासोको प्रयोग गर्ने ➪ मालाथियन ५० इ.सी. १ मि.ली. प्रति लिटर पानीमा मिलाई प्रयोग गर्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
लाही	➪ गाईको मुत्र १ भाग र पानी ४ भाग मिलाई २ दिनको फरकमा छर्ने ➪ निमजन्ने विषादीको प्रयोग गर्ने ➪ किराको प्रकोप बढी भए थायोडान, इन्डोसेल ३ ई.सी. १ मि.ली. पानीमा मिसाई छर्ने

काँक्रो बालीको रोगहरु

रोगको नाम	व्यवस्थापन
पाउडरी मिल्ड्यु	➪ खेतबारी सफा राख्ने रोग लागेका पातहरु र झारहरु नष्ट गर्ने । ➪ दुई भाग चुन र एक भाग गन्धकको धुलो मिसाई मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने अथवा क्याराथेन १-२ मि.ली. प्रति लिटर पानीमा मिसाएर पातहरु राम्ररी भिज्ने गरी छर्कने ।
डाउनी मिल्ड्यु	➪ रोग रहित क्षेत्रको स्वस्थ वीऊ मात्र प्रयोग गर्ने ➪ उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने ➪ रोगी बोट र अन्य झारपातहरु उचित तरिकाले नष्ट गर्ने ➪ फल नलागेको अवस्था भए कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५०% डब्लु. पी.) विषादी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्कने । ➪ थयोयानेट मिथाइल (रोको ७०% डब्लु. पी. वा कभर ७०% डब्लु. पी.) १ ग्राम प्रति लिटर पानीमा राखी छर्कने ।

अन्य समस्याः

फल बाङ्गाटिङ्गा हुनु

कारण: राम्रोसँग परागसेरचन नभएमा, मौसममा उतारचढाव आएमा, धेरै वा कम मलखाद दिएमा, सुक्ष्म तत्वको कमी भएमा यो समस्या आउँछ ।

उपाय : परागसेरचन राम्रोसंग गराउन फुल फुलेको समयमा मौरी राख्ने, ठीक मात्रामा मल राख्ने, उचित सिंचाई गर्ने र हर्मोन स्प्रे गर्ने ।

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	६	५०	३००
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	१४	४९०
डि.ए.पी.	के.जी.	४०	४	८००
म्युरेट अफ पोटस	के.जी.	२५	८	२००
विषादी	एकमुष्ठ	४००	१	४००
जग्गाको भाडा	प्रति सिजन	३,४००	१	३,४००
कामदारको ज्याला	प्रति मान्छे	४००	१२	४,८००
सिंचाई	एकमुष्ठ	५००	१	५००
थाँक्रो	एकमुष्ठ	१,०००	१	१,०००
जम्मा				१४,८९०/-

आम्दानी तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
काँक्रो	के.जी	३०	२,०००	६०,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	१	५	५०
जम्मा				६०,०५०/-

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ६०,०५० - रु. १४,८९० = रु. ४५१६०/-

अतः यस प्रकारले काँक्रो खेती गर्दा प्रति मौसम रु. १४,८९० को खर्च र जम्मा रु. ६०,०५० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु.४५१६० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

खुर्सानी खेती प्रविधि

परिचय

खुर्सानी परापूर्वकालबाट नै नेपाली भान्छामा परिकारहरु पिरो बनाउन र मसलाको रुपमा प्रयोग हुदै अएको छ । यसको उत्पति मेक्सिकोबाट भएको विश्वास गरिन्छ । यसको थोक बजारभाऊ प्रति के.जी. रु. १४ देखि रु. २०० सम्म भएको पाइयो र सरदर रु. ४० भएको पाईयो ।

हावापानी तथा माटो

खुर्सानी न्यानो मनपराउने बाली हो । यो बाली कम तापक्रम र तुसारोप्रति निकै नै सम्वेदनशील हुन्छन् । तर ज्यादा तापक्रम र बढी आद्रताले खुर्सानीमा पातको रोगहरु निम्ताउँछ । खुर्सानीमा रातको तापक्रम उच्च हुदा क्याप्साइसिन भन्ने तत्वको मात्रा बढेर आउँछ । जुन राम्रो हो । यसलाई ६.० देखि ६.५ मानको पि.एच भएको माटो राम्रो हुन्छ । साथै, विरुवाले चिस्यान लिन सक्ने तथा निकासको राम्रो प्रबन्ध भएको हलुका दुमट माटो निकै उपयुक्त हुन्छ ।

खुर्सानीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	पहिलो उत्पादन समय	उत्पादन - के.जी./रोपनी
ज्वाला	माघ-फाल्गुन	६0X३0	४000 बेर्ना	८0-८५ दिन	१२00-१५00
स्थानीय नेपाली	माघ-फाल्गुन	६0X४५	४000 बेना	८0-८५ दिन	१00-१५0
अकबरे	बैसाख-जेठ	७५X६0	१000 बोट	८0-८५ दिन	१000-१४00
एन.एस. ११0१	माघ-फाल्गुन	६0X४५	४000 बेर्ना	७0-८0 दिन	३,५00-३,७00

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	५ के.जी.	५ के.जी.	५ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटस
मात्रा	७ के.जी.	११ के.जी.	८ के.जी.

खुर्सानीका रोग र तिनको व्यावस्थापन

रोगको नाम	व्यावस्थापन
डढुवा रोग	➪ रोग लागेको बोट, पुराना बोटहरु र झारपात बटुली जलाउने र सफा राख्ने ➪ रोग सुरु हुनेबेलादेखि ब्लाईटक्स ५०% डब्लु.पी. १.५ ग्रा. र मेन्कोजेव १.५ ग्रा. मिलाई १ लि. पानीमा मिसाई ७ दिनको अन्तरमा छर्ने
मोजाइक भाइरस	➪ स्वस्थ बोटबाट मात्र वीऊ राख्ने ➪ रोगी बोट हटाई नष्ट गर्ने
लिफ कर्ल भाइरस	➪ रोग लागेको बोट देख्नसाथ उखेलेर हटाउने ➪ डाईमेथोएट १ वा २ मि.ली. प्रति लिटर पानीका दरले प्रयोग गर्ने
ओइलाउने रोग	➪ घुम्ती वाली लगाउने ➪ रोग अवरोधी जात एन. १६२ र एच.आर.डी. १ लगाउने
जरामा गाठो पर्ने रोग	➪ अन्न वालीसंग घुम्ती बाली अपनाउने ➪ गहिरो संग खनजोत गर्ने ➪ मुख्य बालीसँग सूर्यमुखी, सयपत्री आदि फूल रोप्ने ➪ रोगी विरुवा नष्ट गर्ने
कोत्रे (एन्थ्राकनोज)	➪ स्वस्थ बोटबाट मात्र वीऊ राख्ने ➪ क्याप्टेनले वीऊ उपचार गर्ने ➪ रोगको लक्षण देखिनसाथ ब्लाईटक्स वा मेन्कोजेव ३ ग्राम प्रति लि. पानी मिसाई ७ दिनको फरकमा ३ पटक छर्ने

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	५	१०	५०
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	७	२४५
डि.ए.पी.	के.जी.	४०	११	४४०
म्यूरेट अफ पोटास	के.जी.	२५	८	२००
विषादी	एकमुष्ठ	२००	१	२००
जग्गाको भाडा	प्रति वर्ष	८,०००	१	८,०००
कामदारको ज्याला	प्रति मान्छे	४००	१२	४८००
सिंचाई	एकमुष्ठ	५००	१५	६,०००
जम्मा				**२२,९३५**

आम्दानी तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम
खुर्सानी	के.जी	रु. ४०	३,०००	रु. १,२०,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	५	रु. ५०
जम्मा				रु. १,२०,०५०

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. १,२०,०५० - रु. २२,९३५ = रु. ९७,११५

अत: यस प्रकारले खुर्सानी खेती गर्दा प्रति मौसम रु. २२,९३५ को खर्च र जम्मा रु. १,२०,०५० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ९७,११५ को खुद नाफा गर्न सक्ने देखिन्छ। यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

भेडे खुर्सानी (क्याप्सिकम) खेती प्रविधि

परिचय:

यो मेक्सिको तथा मध्य अमेरिकाको छिमेकी क्षेत्रहरुबाट उत्पति भएको मानिन्छ । यसलाई औषधी तथा मसलाको रुपमा पनि प्रयोग गरिन्छ । यसमा भिटामिन ए र भिटामिन सी प्रचुर मात्रामा पाईन्छ । यो स्वादिलो भएकाले तरकारी, सलाद वा अचारको रुपमा प्रयोग गरिन्छ । यसको थोक बजार मुल्य रु. २४ देखि रु. १९० सम्म भएको पाइयो र सालाखाल यसको मूल्य रु. ६३ पाइएको छ ।

हावापानी तथा माटो

यो तरकारी बालीले सुख्खा र गर्मी मौसम मनपराउछ तर ३८^{0} सेल्सियस भन्दा माथिको तापक्रम र आद्रता कम भए प्रतिकुल असर पर्दछ । करिव ९ देखि १० प्रकाश घण्टा भएको छोटो दिनमा उत्पादन २४ प्रतिशत सम्म बढेको तथ्याँक रहेको छ ।

यसलाई सबै किसिमको माटोमा खेती गर्न सकिए पनि पानीको राम्रो निकास भएको चिम्टाइलो दोमट माटो उपयुक्त मनिन्छ ।

<u>भेडे खुर्सानीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व</u>

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	उत्पादन समय	उत्पादन - के.जी./रोपनी
क्यालिफोर्निया	फाल्गुन - चैत्र	६०X४५	२००० बेर्ना	६० दिन	५००-१०००
वण्डर वेल	फाल्गुन - भाद्र	६०X४५	२००० बेर्ना	६० दिन	१०००-१२००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	१० के.जी.	५ के.जी.	५ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१७ के.जी.	११ के.जी.	८ के.जी.

भेडे खुर्सानीको रोगहरु

रोगको नाम	व्यावस्थापन
बेर्ना कुहिने रोग	➢ क्याप्टान वा थिराम २.५ ग्रामले वीऊको उपचार गर्ने ➢ क्याप्टान वा थिराम २.५ ग्राम प्रति लिटर पानीमा मिसाइ नर्सरीमा छर्ने
एन्थ्रकनोज र फल सड्ने रोग	➢ क्याप्टान वा थिराम २.५ ग्रामले वीऊको उपचार गर्ने ➢ क्याप्टान वा थिराम २.५ ग्राम प्रति लिटर पानीमा मिसाइ विरुवामा छर्ने ➢ सारेको विरुवालाई ढुसी नासक डाइथेन एम ४५ वा ब्लाइटक्स २ ग्राम प्रति लिटर पानीमा मिसाइ छर्कने
पत गुजुमुजु हुने रोग	➢ फल लाग्नु अगाडी मेटासिष्टक्स विषदीको प्रयोग गर्ने ➢ फल लागे पछि विषदि हाल्नुपरेमा मालाथियन वा नुभानको प्रयोग गर्ने
पाउडरी मिल्ड्यु	➢ सल्फेक्स ३.५ ग्राम वा क्याराथेन २ मि.ली. प्रति लिटर पानीमा मिसाई हप्ता दिनको फरकमा छर्कने

भेडे खुर्सानीको किराहरु

किराको नाम	व्यावस्थापन
फेद कटुवा	➢ विरुवा रोप्नु अघि माटोलाई क्लोरोडेन ५ प्रतिशतको धुलोले प्रति रोपनी १ किलोका दरले उपचार गर्ने ➢ विरुवा सारे पछि पनि यो किराको प्रकोप देखिए माथिकै उपचार दोहोराउने वा मालाथिएन २ मि.ली. प्रति लिटरका पानीको दरले प्रत्येक बोट मुनी छर्ने

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	१०	१५	१५०
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	१७	५९५
डि.ए.पी.	के.जी.	४०	११	४४०
म्यूरेट अफ पोटास	के.जी.	२५	८	२००
विषादी	एकमुष्ठ	५००	१	५००
जग्गाको भाडा	प्रति वर्ष	८,०००	१	८,०००
कामदारको ज्याला	प्रति मान्छे	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	५००	१	५००
जम्मा				१७,३८५

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमण	जम्मा रकम
भेडे खुर्सानी	के.जी	रु. ६३	१०००	रु. ६३,०००
पात तथा अन्य खेर जाने जैविक उत्पोदन	के.जी.	रु. १	३००	रु. ३,००
जम्मा				रु. ६३,३००

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ६३,३०० - रु. १७,३८५ = रु. ४५,९१५

अतः यस प्रकारले भेडेखुर्सानी खेती गर्दा प्रति मौसम रु. १७,३८५ को खर्च र जम्मा रु. ६३,३०० को आम्दानी देखिनआउछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ४५,९१५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

तिते करेला खेती प्रविधि

परिचय:

दक्षिण पूर्वी एसियाबाट उत्पति भएको विश्वास गरिने या तिते करेला निकै महत्वपूर्ण तरकारीको रुपमा लिइन्छ । यसको थोक बजार मुल्य रु. ८ देखि रु. ११० सम्म भएको पाइयो र सालाखाल यसको मूल्य रु.४३ पाइयो ।

हावापानी तथा माटो:

यो गर्मी मौसमको तरकारी हो । यदि यसलाई जाडो मौसममा खेति गर्नु पर्ने भए प्लाष्टिक घर वा यस्तै संरचना भित्र गरिन्छ जसलाई फोर्सिङ भनिन्छ । २५^{o} से. देखि ३०^{o} से. सम्मको तपक्रम तितेकरेला उत्पादनका लागि उपर्युक्त मानिन्छ । बलैटे देखि दुमट माटोमा यो खेतीलाई राम्रो हुन्छ । तथा, पि.एच. मान ६.० देखि ६.५ उत्तम मानिन्छ ।

<u>तिते करेलाका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व</u>

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	उत्पादन समय	उत्पादन -के.जी./रोपनी
कोयम्बटुर लंग,	फाल्गुन -चैत्र	१५०X१००	१००	५०-६० दिन	१०००-१२००
हरियो करेला	फाल्गुन -चैत्र	१५०X१००	१००	५०-६० दिन	१५००-२०००
क्रिपर	फाल्गुन -जेठ	१५०X१००	१००	६० दिन	३००-५००
लक्ष्मी	फाल्गुन -चैत्र	१५०X१००	१००	५० दिन	१४००
पाली	फाल्गुन -चैत्र	१५०X१००	१००	४०-५० दिन	२२५०-२५००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	१० के.जी.	६ के.जी.	३ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१७ के.जी.	१३ के.जी.	५ के.जी.

तितेकरेला बालीको किराहरु

किराको नाम	व्यावस्थापन
रातो खपटे	➪ निममा आधारित किटनाशक विषादीको प्रयोग गर्ने ➪ मालाथिएन वा फेनिट्रोथायन २ मि.ली. प्रतिलिटर पानीमा मिलाई हाल्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
फल कुहाउने औंसा	➪ फुल फुल्नु अगावै क्युलियर फरेमोन पासोको प्रयोग गर्ने ➪ मालाथियन ५० इ.सी. १ मि.ली. प्रति लिटर पानीमा मिलाई प्रयोग गर्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
लाही	➪ गाईको मुत्र १ भाग र पानी ४ भाग मिलाई २ दिनको फरकमा छर्ने ➪ निम जन्य विषादीको प्रयोग गर्ने ➪ किराको प्रकोप बढी भए थायोडान, इन्डोसेल ३ ई.सी. १ मि.ली. पानीमा मिसाई छर्ने

तितेकरेला बालीको रोगहरु

रोगको नाम	व्यावस्थापन
पाउडरी मिल्ड्यु	➪ खेतबारी सफा राख्ने रोग लागेका पातहरु र झारहरु नष्ट गर्ने । ➪ दुई भाग चुन र एक भाग गन्धकको धुलो मिसाई मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने अथवा क्याराथेन १-२ मि.ली. प्रति लिटर पानीमा मिसाएर पातहरु राम्ररी भिज्ने गरी छर्कने ।
डाउनी मिल्ड्यु	➪ रोग रहित क्षेत्रको स्वस्थ वीऊ मात्र प्रयोग गर्ने ➪ उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने ➪ रोगी बोट र अन्य झारपातहरु उचित तरिकाले नष्ट गर्ने ➪ फल नलागेको अवस्था भए कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५०% डब्लु. पी.) विषादी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्कने । ➪ थयोयानेट मिथाइल (रोको ७०% डब्लु. पी. वा कभर ७०% डब्लु. पी.) १ ग्राम प्रति लिटर पानीमा राखी छर्कने ।

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	९	१००	९००
प्राँगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	१७	५९५
डि.ए.पी.	के.जी.	४०	१३	५२०
म्यूरेट अफ पोटास	के.जी.	२५	५	१२५
विषादी	एकमुष्ठ	२००	१	२००
जग्गाको भाडा	प्रति वर्ष	८,०००	१	८,०००
कामदारको ज्याला	मान्छे दिन	४००	१२	४,८००
सिंचाई	एकमुष्ठ	५००	१	५००
थाँक्रो	एकमुष्ठ	१०००	१	१,०००
जम्मा				**१९,६४०**

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
करेला	के.जी	रु. ४३	२०००	रु. ८६,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	५०	रु. ५०
जम्मा				**रु. ८६,०५०**

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ८६,०५० - रु. १९,६४० = रु. ६६,४१०

अतः यस प्रकारले तिते करेला खेती गर्दा प्रति मौसम रु. १९,६४० को खर्च र जम्मा रु. ८६,०५० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ६६,४१० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

रायो खेती प्रविधि

परिचय:

रायोको उत्पति मध्य एशिया बाट भएको विश्वास गरिन्छ । सागपातहरु भिटामिन ए, भिटामिन सी, फलाम तत्व र अन्य खनिज पदार्थको धनी तरकारी मानिन्छ । यसलाई तरकारी र सलाद दुबैको रुपमा प्रयोग गरिन्छ । यसको थोक बजार मुल्य रु. १२ देखि रु. ६० सम्म भएको पाइयो र सालाखाल यसको मूल्य रु. २८ पाइयो ।

हावापानी तथा माटो

यो हिउँदे तरकारी हो । यसको खेतीकोलागि प्राँगारिक पदार्थ प्रसस्त भएको बलौटे माटोमा गर्दा उत्पादन प्रसस्त हुन्छ । तर पनि यसले प्रायः सबै प्रकारको माटोमा राम्रै उत्पादन दिन्छ । यसको लागि पि.एच. मान ६.० देखि ७.० सम्म राम्रो मनिन्छ ।

रायोका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	उत्पादन समय	उत्पादन - के.जी./रोपनी
खुमल चौडा पात	भाद्र -मंसिर	४५X३०	१० ग्राम	३० दिन	१२००-१५००
मार्फा चौडा पात	भाद्र -मंसिर	४५X३०	१० ग्राम	४५दिन	१२००-१५००
खुमल रातो पात	भाद्र -मंसिर	४५X३०	१० ग्राम	३० दिन	१२००-१५००
ताङ्खुवा	श्रावण-जेष्ठ	५०X५०	१० ग्राम	३० दिन	५००-१५००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१००० के.जी.	१० के.जी.	९ के.जी.	४ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१४ के.जी.	२० के.जी.	७ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	५	१०	५०
प्रांगारिक मल	के.जी.	२	१,०००	२,०००
युरिया	के.जी.	३५	१४	४९०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्यूरेट अफ पोटास	के.जी.	२५	७	१७५
विषादी	एकमुष्ठ	१००	१	१००
जग्गाको भाडा	सिजन	४,०००	१	४,०००
कामदारको ज्याला	मान्छे दिन	४००	१२	४,८००
सिंचाई	एकमुष्ठ	५००	१	५००
जम्मा				१०,७१५

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
पात	के.जी	रु. २८	१,४००	रु.३९,२००
अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	२५	रु. २५
जम्मा				रु. ३९,२२५

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ३९,२२५ - रु. १०,७१५ = रु. २८,५१०

अत: यस प्रकारले रायोको सागको खेती गर्दा प्रति मौसम रु. १०,७१५ को खर्च र जम्मा रु. ३९,२२५ को आम्दानी देखिनआउँछ। तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. २८,५१० को खुद नाफा गर्न सक्ने देखिन्छ। यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन।

फर्सी (स्क्वास) खेती प्रविधि

परिचय:

अमेरिकाबाट उत्पति भएको विश्वास गरिने यो फर्सी नेपालका निकै प्रचलित तरकारी बाली हो । सामन्यतय, यो गर्मी मौसमको वा वर्षे बालीको रुपमा परिचित छ । यसको थोक बजार मुल्य रु. ४ देखि रु. ४६ सम्म भएको पाइयो र सालाखाल यसको मूल्य रु. २३ पाइएको छ ।

हावापानी तथा माटो

यो उष्ण प्रदेशीय बाली भएका कारण चिसो ठाँउ वा मौसममा लगाउदा प्लाष्टिक घर जस्ता तातो संरचना चहिन्छ र यो प्रक्रियालाई फोर्सिङ भनिन्छ । २५º-३०º सेल्सियसको तापक्रममा फर्सी राम्रोसँग मौलाउछ । काँक्रोको लागि बलौटेदेखि बलौटे दुमट माटो उपयुक्त हुन्छ । यसलाई पि.एच. मान ५.५ देखि ६.५ भएको माटो राम्रो मानिन्छ ।

फर्सीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	उत्पादन समय	उत्पादन - के.जी./रोपनी
असारे फर्सी	फाल्गुन -चैत्र	१००X१००	१०० ग्राम	५० दिन	३०००-५०००
ब्ल्याक ब्यूटी	फाल्गुन -चैत्र	१००X१००	१०० ग्राम	५० दिन	३०००-५०००
स्थानिय	फाल्गुन -चैत्र	२००X२००	१०० ग्राम	१००-१२० दिन	४२००-३०००
ग्रीन बल	माघ-भदौ	२००X१००	१०० ग्राम	९० दिन	८००-१०००
रोण्डो	माघ-भदौ	९०X९०	१०० ग्राम	५० दिन	२०००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	१२ के.जी.	९ के.जी.	३ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१८ के.जी.	२० के.जी.	५ के.जी.

फर्सी बालीको किराहरु

किराको नाम	व्यावस्थापन
फर्सीको रातो खपटे	➪ निममा आधारित किटनाशक विषादीको प्रयोग गर्ने ➪ मालाथिएन वा फेनिट्रोथायन २ मि.ली. प्रतिलिटर पानीमा मिलाई हाल्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
फर्सीको फल कुहाउने औंसा	➪ फूल फुल्नु अगावै क्युलियर फरेमोन पासोको प्रयोग गर्ने ➪ मालाथियन ५० इ.सी. १ मि.ली. प्रति लिटर पानीमा मिलाई प्रयोग गर्ने ➪ कुहिएका फलहरु बटुली खाडलमा गहिरो गरि पुर्ने
लाही	➪ गाईको मुत्र १ भाग र पानी ४ भाग मिलाई २ दिनको फरकमा छर्ने ➪ निम जन्ने विषदीको प्रयोग गर्ने ➪ किराको प्रकोप बढी भए थायोडान, इन्डोसेल ३ ई.सी. १ मि.ली. पानीमा मिसाई छर्ने

फर्सी बालीको रोगहरु

रोगको नाम	व्यावस्थापन
पाउडरी मिल्ड्यु	➪ खेतबारी सफा राख्ने रोग लागेका पातहरु र झारहरु नष्ट गर्ने । ➪ दुई भाग चुन र एक भाग गन्धकको धुलो मिसाई मलमलको कपडामा पोको पारेर राम्ररी छर्ने अथवा क्याराथेन १-२ मि.ली. प्रति लिटर पानीमा मिसाएर पातहरु राम्ररी भिज्ने गरी छर्कने ।
डाउनी मिल्ड्यु	➪ रोग रहित क्षेत्रको स्वस्थ वीऊ मात्र प्रयोग गर्ने ➪ उपचारित बीउबाट मात्र उत्पादित बेर्ना रोप्ने ➪ रोगी बोट र अन्य झारपातहरु उचित तरिकाले नष्ट गर्ने ➪ फल नलागेको अवस्था भए कपर अक्सिक्लोराइड (ब्लाइटक्स ५०% डब्लु. पी.) विषादी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्कने । ➪ थयोयानेट मिथाइल (रोको ७०% डब्लु. पी. वा कभर ७०% डब्लु. पी.) १ ग्राम प्रति लिटर पानीमा राखी छर्कने ।

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	१८	१००	१,८००
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	१८	६३०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्यूरेट अफ पोटास	के.जी.	२५	५	१२५
विषादी	एकमुष्ठ	१,०००	१	१,०००
जग्गाको भाडा	सिजन	४,०००	१	४,०००
कामदारको ज्याला	मान्छे दिन	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	६००	१	६००
छापो (पराल)	एकमुष्ठ	१,२००	१	१,२००
जम्मा				१७,१५५

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
फल	के.जी	रु. २३	४५००	रु. १,०३,५००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	५०	रु. ५०
जम्मा				रु.१०३,५५०

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. १०३,५५० - रु. १७,१५५ = रु. ८६,३९५

अतः यस प्रकारले फर्सीको खेती गर्दा प्रति मौसम रु. १७,१५५ को खर्च र जम्मा रु. १,०३,५५० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ८६,३९५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

मूला खेती प्रविधि

परिचयः



मूलाको उत्पति भूमध्य क्षेत्रबाट भएको विश्वास गरिन्छ । पोषणविद्का अनुसार हाम्रो प्रत्येक दिनको खानामा १०० ग्राम मूला वा मूला जस्तै जरा खाने तरकारीको सेवन गर्नु पर्दछ । रातो मुलाको थोक बजार मुल्य रु. १० देखि रु. ३५ सम्म भएको पाइयो र सालाखाल यसको मूल्य रु. २१ पाइएको छ ।त्यसै गरि सेतो मुलाको थोक बजार मूल्य रु. ५ देखि रु. ४० सम्म भएको पाईयो जसको वार्षिक सरदर मूल्य रु. १४ पाइयो ।

हावापानी तथा माटो

मूला मध्यम हावापानी वा हिउँदमा राम्रो हुन्छ । यो बालीका लागि २०° से. देखि २५° से. को तापक्रम उपयुक्त हुन्छ । प्रायः सबै प्रकारको माटोमा मूला फल्ने भए पनि प्राँगारिक पर्दाथ प्रसस्त भएको खुकुलो पाँगो माटोमा मूलाको विकास राम्रो हुन्छ । माटोमा आवश्यक चिस्यान रहिरहनु निकै आवश्यक हुन्छ ।

<u>मूलाका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व</u>

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	पहिलो उत्पादन समय	उत्पादन - के.जी./रोपनी
ह्वाईट नेक	भदौ -असोज	२०X२०	२५०-५००	५०-६० दिन	१०००-१२००
मिनो अर्ली	श्रावण-कर्तिक	२०X२०	२५०-५००	५०-६० दिन	१०००-१२००
प्यूठाने रातो	जेठ-असोज	२०X२०	२५०-५००	५०-६० दिन	१०००-१२००
टोकीनासी	जेठ-फाल्गुन	२०X२०	२५०-५००	३५ दिन	१०००
४० दिने	कार्तिक-फाल्गुन	२०X२०	२५०-५००	४० दिन	१०००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१००० के.जी.	१० के.जी.	९ के.जी.	३ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१४ के.जी.	२० के.जी.	५ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	४	२५०	१,०००
प्रांगारिक मल	के.जी.	२	१,०००	२,०००
युरिया	के.जी.	३५	१४	४९०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्यूरेट अफ पोटास	के.जी.	२५	५	१२५
विषादी	एकमुष्ठ	२००	१	२००
जग्गाको भाडा	३ महिना	२,०००	१	२,०००
कामदारको ज्याला	मान्छे दिन	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	५००	१	५००
जम्मा				११,११५

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
फल	के.जी	रु. १४	१०००	रु. १४,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	३००	रु. ३,००
जम्मा				रु. १४,३००

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. १४,३०० - रु. ११,११५= रु.३,१८५

अत: यस प्रकारले मूलको खेती गर्दा प्रति मौसम रु. ११,११५ को खर्च र जम्मा रु. १४,३०० को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ३,१८५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

गाँजर खेती प्रविधि

परिचय:

भिटामिन ए को प्रचुर भण्डार भएको गाँजर दक्षिणपश्चिम एशियाबाट उत्पति भएको विश्वास गरिन्छ । नेपाली भान्छाको परिचित यो गाँजर सलाद वा हलुवाको रुपमा व्यापक प्रयोगमा आउछ । यसको थोक मूल्य प्रति के.जी. रु. १४ देखि रु. ८० सम्म पाइएको छ । तर सरदरमा भने प्रति के.जी. रु. ३८ पाइएको छ ।



गाँजरका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	पहिलो उत्पादन समय	उत्पादन - के.जी./रोपनी
न्यू कुरोदा	भाद्र-मंसिर	३०X१०	३०० ग्राम	८०-१०० दिन	१०००
नान्टिस	भाद्र-मंसिर	३०X१०	३०० ग्राम	९०-१२० दिन	६००-७००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.	१० के.जी.	९ के.जी.	४ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१४ के.जी.	२० के.जी.	७ के.जी.

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	ग्राम	६	३००	१,८००
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	१४	४९०
डि.ए.पी.	के.जी.	४०	२०	८००
म्युरेट अफ पोटास	के.जी.	२५	७	१७५
विषादी	एकमुष्ठ	२००	१	२००
जग्गाको भाडा	५ महिना	३,४००	१	३,४००
कामदारको ज्याला	मान्छे दिन	४००	१०	४,०००
सिंचाई	एकमुष्ठ	५००	१	५००
जम्मा				**१४,३६५**

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
फल	के.जी	रु. ३८	१०००	रु. ३८,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	२५	रु. २५
जम्मा				**रु.३८,०२५**

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ३८,०२५ - रु. १४,३६५ = रु. २३,६५५

अतः यस प्रकारले गाँजारको खेती गर्दा प्रति मौसम रु. १४,३६५ को खर्च र जम्मा रु. ३८,०२५ को आम्दानी देखिनआउँछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. २३,६५५ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

सिमी खेती प्रविधि

परिचय

सिमी मेक्सिको तथा मध्य अमेरिकाबाट उत्पति भएको विश्वास गरिन्छ । सिमीले हावामा भएको नाइट्रोजनलाई आफ्नो जरामा भएका जीबाणुको सहायताले जमिनमा जम्मा गर्दछ । त्यसकारण यो बालीलाई धेरै यूरियको आवश्यक पर्दैन् । बरु, यसले अरुलाई पनि नाइट्रोजन प्रदान गर्दछ । यो दाल र तरकारी दुबैको रुपमा नेपाली भान्छामा प्रयोग हुन्छ । यसको थोक मूल्य प्रति के.जी. रु. १२ देखि रु. ७० सम्म पाइएको छ । तर सरदरमा भने प्रति के.जी. रु. ३७ पाइएको छ ।

हावापानी तथा माटो

सिमीको बृद्धि विकास २५^{0} सेल्सियसमा हुन्छ । यसले तुसारो सहन सक्दैन । माटोको पि.एच. मान ५.५ देखि ६.० सम्म भएको र राम्रो सिंचाइ तथा निकासको ब्यवस्था भएको माटोमा यो बाली राम्रो हुन्छ ।

<u>**सिमीका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व**</u>

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	पहिलो उत्पादन समय	उत्पादन - के.जी./रोपनी
त्रिशुली	माघ-फाल्गुन	१२०X५०	५००-१०००	६०-७० दिन	६००-१०००
भ्फांगे सिमी १	साउन	१२०X३०	२०००	५० दिन	८००-१०००
एस -९	साउन	१२०X५०	५००-१०००	६०-७० दिन	६००-१०००
हिमाली राजमा	फाल्गुन-श्रावण	७०X७०	५००-१०००	६० दिन	७००-८००
चारमासे	साउन	१२०X५०	५००-१०००	६०-७० दिन	६००-१०००
एल.वि.३७	फाल्गुन-श्रावण	७०X७०	५००-१०००	६० दिन	७००-८००
एल.वि.२५ बुसी	फाल्गुन-श्रावण	४५X३०	२०००	५० दिन	७००-८००

केराउ खेती प्रविधि

परिचय



केराउको उत्पति भूमध्य क्षेत्रबाट भएको विश्वास गरिन्छ । केराउ लगाएतका कोसेबालीले वायुमण्डलको स्वतन्त्र नाइट्रोजनलाई विरुवाले लिन सक्ने रुपमा परिवर्तन गर्ने भएकोले यसको महत्व माटो र वातावरणसँग पनि जोडिएको छ । यो केराउ काँचै वा पकाएर खान सकिन्छ । यसको थोक मूल्य प्रति के.जी. रु. १५ देखि रु. १२० सम्म भएको पाइयो । सरदर रु. ५० पर्ने यो केराउको बजार राम्रो छ ।

माटो तथा हावापानी

केराउको वीऊ उम्रन २२^{0} सेल्सियसको तापक्रम उपयुक्त हुन्छ भने विरुवा बढ्न तथा कोसाको राम्रो उत्पादनको लागि १०^{0}-१८.३^{0} सेल्सियसको तापक्रम राम्रो मानिन्छ । निकासको राम्रो प्रवन्ध भएको हलुका माटोमा केराउ राम्रो हुन्छ । माटोमा पि.एच. मान ६-७.५ हुनु उपयुक्त हुन्छ ।

केराउका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर (ग्राम)	उत्पादन समय	उत्पादन - के.जी./रोपनी
आजाद	साउन -मंसिर माघ-फाल्गुन	६०X६०	२०००	५० दिन	५००-८००
आर्केल	साउन -मंसिर माघ-फाल्गुन	६०X६०	२०००	५० दिन	५००-८००
सिक्किम स्थानिय	साउन -मंसिर माघ-फाल्गुन	७५X७५	२०००	६५ दिन	८००-१२००
सिक्किम ग्रिन	साउन -मंसिर माघ-फाल्गुन	७५X७५	२०००	६५ दिन	८००-१२००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१५०० के.जी.		२ के.जी.	६ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	०	४ के.जी.	१० के.जी.

केराउ बालीको रोगहरु

रोगको नाम	व्यावस्थापन
सिन्दुरे (रष्ट)	➯ रोगी बोट विरुवा तथा झार पात संकलन गरि राम्रोसंग जलाएर पुर्ने ➯ खेत बारी सफा राख्ने ➯ १ भाग गन्धक र २ भाग चुन मिसाइ छर्ने
पाउडरी मिल्ड्यु	➯ रोगी बोट र अन्य झारपातहरु उचित तरिकाले नष्ट गर्ने ➯ काराथेन ४८% इ.सी. २ मि.ली. प्रति लिटर पानीमा लक्षण देखा पर्नासाथ १० दिनको फरकमा छर्ने ।
मोजाइक भाइरस	➯ सम्भव भए सम्म रोग अवरोधी जात लगाउने ➯ स्वस्थ वीऊको प्रयोग गर्ने ➯ रोगी बोट उखेलेर नष्ट गर्ने
एन्थ्राकनोज	➯ म्यान्कोजेव २-३ ग्राम प्रति लिटर पानीमा घोलेर, रोग देखिए पछि १०-१२ दिनको फरकमा छर्ने ➯ वीऊको उपचार गरेर मात्र लगाउने

आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वीऊ	के.जी.	१५०	२	३००
प्रांगारिक मल	के.जी.	२	१,५००	३,०००
युरिया	के.जी.	३५	०	०
डि.ए.पी.	के.जी.	४०	४	१६०
म्यूरेट अफ पोटास	के.जी.	२५	१०	२५०
विषादी	एकमुष्ठ	८००	१	८००
जग्गाको भाडा	सिजन	२,७००	१	२,७००
कामदारको ज्याला	मान्छे दिन	४००	१२	४,८००
सिंचाई	एकमुष्ठ	५००	१	५००
थांक्रो	एकमुष्ठ	१०००	१	१०००
जम्मा				१३,५१०

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमण	जम्मा रकम
कोसा	के.जी	रु.५०	१,०००	रु. ५०,०००
पात तथा अन्य खेर जाने जैविक उत्पादन	के.जी.	रु. १	३००	रु. ३,००
जम्मा				रु. ५०,३००

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु. ५०,३०० - रु. १३,५१० = रु.३६,७९०

अतः यस प्रकारले केराउको खेती गर्दा प्रति मौसम रु. १३,५१० को खर्च र जम्मा रु. ५०,३०० को आम्दानी देखिनआउँछ। तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ३६,७९० को खुद नाफा गर्न सक्ने देखिन्छ। यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन।

कुरिलो खेती प्रविधि

परिचय:



कुरिलो मध्य एसिया, रुस तथा उत्तरी यूरोपबाट उत्पति भएको मनिन्छ । नेपालको पहाडी भेगमा जंगली कुरिलो प्रसस्त पाइन्छ । पौष्टिक तथा पच्न सजिलो तरकारी भएकोले बिरामी भएका तथा कमजोरी भएका मानिसलाई पनि खुवाउने गरिन्छ । यसलाई सुप तथा तरकारीको रुपमा प्रयोग गरिन्छ । यसको थोक बजार मूल्य रु. ७५ देखि रु. ४५० सम्म भएको पाइएको छ भने सरदर थोक मुल्य रु. १६२ रहेको पाइयो ।

माटो तथा हावापानी

कुरिलो न्यानो र समशितोष्ण हावापानी भएको स्थानमा राम्रो हुन्छ । यसलाई हिउँदमा चिसो तथा बसन्तमा र गृष्ममा न्यानो मौसम मनपर्छ । माटोको तापक्रम १०^{o} सेल्सियस भन्दा कम हुनु पर्दछ र बिरुवा सुशुप्त अवस्थामा जानै पर्दछ । १५^{o}-२५^{o} सेल्सियस तापक्रमा कुरिलोको टुसा राम्रोसँग पलाउछ ।

निकासको राम्रो प्रवन्ध भएको गहिरो तथा खुकुलो बलौटे दुमट माटो कुरिलो खेतीको लागि राम्रो मानिन्छ किनकी कुरिलोको जरा ८ फिट गहिराइसम्म पुगेको पाइएको छ । प्रसस्त प्रांगारिक पदार्थ भएको र पि.एच. मान ६ देखि ७.५ सम्म भएको माटो कुरिलोको लागि निकै उत्तम हुन्छ ।

<u>कुरिलोका जातहरु, बेर्ना लगाउने समय, दूरी, वीऊ दर, उत्पादन समय र उत्पादकत्व</u>

जात	बेर्ना सार्ने समय	बेर्ना लगाउने दूरी (से.मी.)	वीऊ दर	पहिलो उत्पादन समय	उत्पादन - के.जी./रोपनी
मेरि वासिन्टन,एसेल, हिसितो, यूसि १५७	फाल्गुन -भदौ	१००X६०	६०० बोट	२ बर्ष	२००

मलखाद व्यावस्थापन

जात	कम्पोष्ट /रोपनी	नाइट्रोजन /रोपनी	फोस्फरस /रोपनी	पोटास /रोपनी
सबै जातका लागि	१००० के.जी.	१२	९ के.जी.	३ के.जी.

वा

मलको नाम	युरिया	डि.ए.पी.	म्यूरेट अफ पोटास
मात्रा	१८ के.जी.	२० के.जी.	५ के.जी.

कुरिलोको हेरचाह

बहुवर्षीय बाली भएकोले घाँसहरु पनि बहुवर्षिय प्रकारको नै पाईन्छ । त्यसैले बेला बेलामा गोडमेल गर्नु पर्दछ । टुसा निस्कनु अघि वा बाली लिए पछि गोडमेल गर्नु पर्दछ । लगाएको दोश्रो वर्ष सम्म गानाको वरिपरिको माटो सुख्खा पार्नु हुन्न । बाली लिइसके पछि बिरुवाले सुख्खापन महसुस गर्ने भएकाले सिंचाई दिनु पर्दछ । जाडो सकिए पछि सुकेका बोटहरु जरालाई नोक्सान नपुग्ने गरी हल्का गोडाई गरी गोबर मलका साथै युरिया र चुन २ के.जी. प्रति रोपनीका दरले माटोमा मिलाएर हल्का ड्याङ्ग बनाउँदा फाइदा हुन्छ ।

लागत आम्दानी हिसाब (प्रति रोपनीमा):

लागत तर्फ

शीर्षक	एकाई	दर (रु.)	परिमाण	जम्मा रकम (रु.)
वेर्ना	बोट	१०	६००	६,०००
प्रांगारिक मल	के.जी.	२	१००० × ४	८,०००
युरिया	के.जी.	३५	१८ × ४	२,५२०
डि.ए.पी.	के.जी.	४०	२० × ४	३,२००
म्यूरेट अफ पोटास	के.जी.	२५	५ × ४	५००
जग्गाको भाडा	वर्ष	५,०००	१ × ४	२०,०००
कामदारको ज्याला	मान्छे दिन	४००	३४	१३,६००
सिंचाई	एकमुष्ठ	५००	१ × ४	२,०००
जम्मा				रु. ५५,८२०

आम्दानी तर्फ

शीर्षक	एकाई	दर	परिमाण	जम्मा रकम
टुसा	के.जी	रु.१६२	२०० x ३	रु.९७,२००
जम्मा				रु. ९७,२००

जम्मा नाफा

जम्मा आम्दानी - जम्मा खर्च = जम्मा नाफा

रु.९७,२०० - रु.५५,८२० = रु.४१,३८०

अतः यस प्रकारले मूलको खेति गर्दा प्रति मौसम रु. ५५,८२० को खर्च र जम्मा रु. ९७,२०० को आम्दानी देखिनआउँछ। तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ४१,३८० को खुद नाफा गर्न सक्ने देखिन्छ। यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन।

च्याऊ खेती प्रविधि

भगवानको खाना भनेर चिनिने च्याऊ निकै स्वादिलो तथा पौष्टिक खाद्य बस्तु हो । पछिल्लो समयमा यो नेपालमा निकै रुचाइएको छ । यसलाई औषधीको रुपमा पनि प्रयोग गरिन्छ । संसार भर करिव ७०,००० प्रजातिका च्याऊ पत्ता लागेका छन् । तर, ५,००० प्रजातिलाई मात्र खान योग्य मानिएको छ भने ५० प्रजातिलाई फाईदाजनक रुपमा लगाउन सकिने भनिएको छ । करिब १० प्रतिशत च्याऊ विषालु भएको तथ्य पाइएको छ ।

च्याऊ खेतीको फाईदाहरु

- हामीले च्याऊ बनाउन प्रयोग गर्ने प्राय सामाग्री त्यसै खेरा जाने खालका हुन्छन र कतिपय त हामीले जलाउथ्यौं जसबाट हाम्रो वातावरण प्रदुषित हुन्थ्यो । तर च्याऊ खेती गर्दा तिनै खेरा गएका पदार्थको प्रयोग हुदा वातावरणको हिसावले निकै राम्रो हो ।
- यो व्यवसायले ग्रामीण रोजगारी पनि श्रृजना गर्दछ र जीविकोपार्जनमा सकारात्मक भूमिका खेल्दछ ।
- यसमा उच्च गुणस्तरको प्रोटिन, खनिज र भिटामिन पाइने भएकाले हाम्रो स्वास्थलाई निकै राम्रो मानिन्छ ।
- च्याऊको बजार राम्रो भएका कारण कृषकहरुले राम्रो आम्दानी लिन सक्छन् ।
- यसमा रोग प्रतिरोधक क्षमता पनि भएकाले यसको स्वास्थ महत्व राम्रो छ ।

क. सिताके च्याऊ खेती प्रविधि

काठका लागि प्रयोग गरिने रुखहरु

सिताके च्याउ खेतीको लागि विभिन्न रुखको प्रयोग गरेको पाईएता पनि नेपालमा उत्तिस, कटुस, सौर, बाँज र लप्सीको मुढाको प्रयोग सफलतापूर्वक र फाइदाजनक रुपमा प्रयोग गरेको पाइएको छ ।

मंसिर-पुषमा रुखलाई काटी करिब एक मिटर लम्बाईका मुढाहरु बनाउने त्यस पछि मुढालाई रुखको छहारीमा एक महिना सम्म थुपारेर सुकाई राख्ने । मुढाको मोटाइ करिव १०-१५ से. मी. राम्रो मानिन्छ । तथा मुढा बनाउदा मुढाको बोका उक्कन दिनहुन्न ।

पुष -माघमा काटेका मुढालाई १५ से.मी.को फरकमा करिब १.५ से.मी. व्यास र २ से.मी. गहिरो प्वाँल पार्ने । उक्त प्वालमा सिताकेको वीऊ राख्ने र प्यारफिन मैनले प्वाँल टाल्ने । सबै मुढामा च्याऊको वीउ राखेर मैनले टालिसकेपछि सितल ठाउमा चाँङ लगाएर राख्ने । उक्त मुढालाई ओसिलो बनाईरहन हप्ताको २-३ दिन पानीले भिजाइ रहनु पर्छ । एक महिना पश्चात तलका मुढा माथि र माथिका मुढा तल पारेर फेरि चाँङ लागउने र यो प्रक्रिया निरन्तर गरिरहने ।

भदौ असोजमा उक्त मुढाहरुलाई पानीमा १ दखि २ दिन सम्म डुवाएर रख्ने । २ दिन पछि उक्त मुढाहरुलाई केहि कुरामा आढ दिएर ठडाएर ४ देखि ६ से.मी.को फरकमा राख्ने । यस पछि पानी प्रत्येक दिन राख्नु पर्छ ताकी मुढा ओसिलो रहिरहोस । एक हप्ता पछि बाट सिताके फल्न थाल्छ । वीऊ राखेको करिब आठ महिना पश्चात सिताके च्याऊले फल दिन तयार हुन्छ । यो असोज देखि पौष सम्म टिप्न सकिन्छ । माघमा केहि कम फले पनि फालुनबाट जेठ सम्म सिताके टिप्न सकिन्छ । सिताके एक पटक लगाए पछि चार वर्ष सम्म उत्पादन लिन सकिन्छ ।

आम्दानी लागत हिसाव

लागत तर्फ

१. ५ रुख (५० मुढा) : रु ५०० प्रति रुखको दरले - रु २,५००

२. खेताला : रु १३,००० (३३ कार्य दिन रु.४०० का दरले)

३. वीऊ : रु ४० प्रति बोतलको दरले - रु ५००

४. अन्य : रु. १,०००

५. जग्गा : रु. १,००० प्रति वर्ष = रु. ४,०००

जम्मा लागत : रु. २५,५००

आम्दानी तर्फ

पहिलो वर्ष : ०.५ के.जी प्रति मुढा- २५ के.जी.- रु. ५०० प्रति के.जी.- रु. १२,५००

दोस्रो बर्ष : १.० के.जी प्रति मुढा- ५० के.जी.- रु. ५०० प्रति के.जी.- रु. २५,०००

तेस्रो वर्ष : १.० के.जी प्रति मुढा- ५० के.जी.- रु. ५०० प्रति के.जी.- रु. २५,०००

चौथो वर्ष : ०.५ के.जी प्रति मुढा- २५ के.जी.- रु. ५०० प्रति के.जी.- रु. १२,५००

जम्मा आम्दानी : रु. (१२,५०० + २५,००० + २५,००० + १२,५००) = रु. ७५,०००

जम्मा नाफा : कुल आम्दानी- कुल खर्च

नाफा = ७५,००० - २५,५०० = रु. ४९,५००

अतः यस प्रकारले सिताके च्याउ खेती गर्दा प्रति मौसम रु. २५,५०० को खर्च र जम्मा रु. ७५,००० को आम्दानी देखिनआउछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ४९,५०० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

ख.गोब्रे च्याउ खेती प्रविधि



गोब्रे च्याउ खेती कम्पोष्टको तयारी निम्नानुसर गरिन्छ । ५०० के.जी. परालको कम्पोष्ट मल तयार गर्न निम्न समाग्री चहिन्छ ।

१. पराल ५०० के.जी.

२. यूरिया मल २.५ के.जी.

३. एमोनियम सल्फेट १० के.जी.

४. ट्रिपल सुपरफस्फेट १ के.जी.

५. कृषि चुन १५ के.जी.

६. फर्मालिन ०.५ लि.

७. नुभान ५० एम.एल.

८. डेरोसाल २५ ग्राम

कम्पोष्ट तयार गर्ने विधि

- सफा परालालाई १ फिट लम्बाईमा काट्ने
- ८-१० घण्टा सम्म काटेको पराल भिजाउने र पानी ओभाउने
- काठको फ्रेमको सहायताले पराल तह वनाउदै हरेक ३-४ तह पछि १ -२ के.जी. मलको मिश्रण छर्ने र ४ फिटको उचाई बनाई ५०० सम्म पराल अट्ने गरि पुष्ट पार्ने।
- पराल सुख्खा छ भने पानीले हल्का भिजाउने।

कम्पोष्ट पल्टाउने

- पहिलो पल्टाई ५ दिनमा, दोस्रो १० दिनमा (कृषि चुन पनि छर्ने), तेस्रो १३ दिनमा, चौथो १६ दिनमा, पाँचौ १९ दिनमा र छैंठौ २२ दिनमा पल्टाउनुपर्छ। डेरोसाल २.५ ग्राम र नुभान १ मि.ली. प्रति लिटरका दरले घोल बनाई १० लि. प्रति ५०० के.जी कम्पोष्टमा प्रयोग गर्ने।
- सातौं पटक २५दिन र आठौं पटक २७ दिनमा पल्टाउने।
- यो अवस्थामा कम्पोष्टको रङ्ग हल्का खैरो, चिस्यान ७० प्रतिशत र पि.एच. ७-७.२ हुनु पर्छ।

कम्पोष्ट बेड तयारी

च्याऊ खेती गरिने कोठालाई २ प्रतिशतको फर्मालिनले सफागर्ने। सो कोठामा ३-४ फिट चौडाइ र ६-८ इन्च उचाइका कम्पोष्ट बेड काठको च्याकमा बनाउने।

वीऊ छर्ने

- बेड तयार गरेको २ दिन पछि च्याउको वीऊ छर्ने
- ५०० के.जी. परालको लागि १० बोटल वीऊ आवश्यक पर्छ
- माथिको १.५ इन्च कम्पोष्ट हटाई वीउ छर्ने र त्यसलाई कम्पोष्टले ढाकेर हत्केलाले विस्तारै थिच्ने। माथिबाट फर्मालिनले उपचार गरिएको पत्रिकाले ढाकी पानी दिने।
- कोठाको तापक्रम २२-२५ डिग्री सेल्सीयस र आद्रता ७०-७५ प्रतिशत राख्ने

- १५ -२० दिनमा माटोको सतह मुनी सेता ढूसी रेखाले ढाकेको देखिन्छ ।

माटोले पुर्ने

वीऊ छरेको २ हप्ता पछि बेडको माथिल्लो तह ढाक्नको लागि मिश्रण तयार गर्ने । यसको लागि १०० के.जी. मसिनो माटो २ के.जी. चुना र फर्मालीन पानीको घोल (०.२५ के.जी. मिश्रण र ५ लिटर पानी) एकै ठाउँमा मिसाई प्लाष्टिकले ४८ घण्टासम्म ढाक्ने र पु:न राम्ररी चलाउने । सो मिश्रणले १ इन्च बाक्लो हुने गरी बेडलाई पुर्ने र विहान बेलुका हल्का पानी दिने ।

कोठाको तापक्रम

शुरुमा ७-१० दिन सम्म २२-२५ डिग्री सेन्टिग्रेट र सापेक्षिक आद्रता ७०-७५ प्रतिशत राख्ने र त्यस पछि १५ -१८ डिग्री सेन्टिग्रेट र सापेक्षिक आद्रता ८० प्रतिशत हुने गरी मिलाउने ।

रोग किरा नियन्त्रण

खैरो प्लाष्टर रोग :- यो रोग ढूसीबाट फैलन्छ । शुरुमा सेतो र पछि खैरो पाउडर जस्तो देखिन्छ । यसको नियन्त्रण गर्न सरसफाइ, हावाको संवाहन, तापक्रम र सापेक्षिक आद्रता मिलाउनु पर्छ । उपचारको लागि ५ ग्राम बेभिष्टिन र ५ मिलिलिटर नुभान प्रति लिटर पानीमा मिसाएर बेडमा छर्ने ।

किरा नियन्त्रण :- झिंगा र सुल्सुलेको असर देखियो भने सुल्सुलेको लागि ०.१ प्रतिशत र झिंगाको लागि ०.२ प्रतिशत नुभानको घोल बनाएर छर्ने । विषादी छरेको ४ दिन सम्म च्याउ टिप्न हुन्न ।

च्याऊ टिप्ने

माटोले ढाकेको ४ हप्ता पछि च्याऊ टिप्न लायक हुन्छ । च्याऊ टिप्दा बोटलाई एकातिर समातेर बटारी हल्कासँग टिप्नुपर्छ । च्याउ टिपे पछि त्यसको जरा हटाइ उपचार गरेको माटोले फेरि पुर्नुपर्छ ।

उत्पादन :- ५०० के.जी. परालबाट १०० -१५० के.जी. च्याऊ फल्छ ।

आम्दानी खर्चको हिसाव

खर्च तर्फ

विवरण	परिमाण	दर (रु.)	जम्मा रकम (रु.)
पराल	५०० के.जी.	१०	५,०००
यूरिया मल	२.५ के.जी.	३५	८७५०
एमोनियम सल्फेट	१० के.जी.	३५	३५०
ट्रिपल सुपरफस्फेट	१ के.जी.	४०	४०
कृषि चुन	१५ के.जी.	१५	२२५
फर्मालिन	०.५ लिटर	११०	५५
नुभान	५० मि.ली.	१.२५	६२.५०
डेरोसाल	२५ ग्राम	२.५	६२.५०
टहरा निर्माण खर्च	प्रति वर्ष	४,०७५	४,०७५
च्याऊको वीऊ	१० बोतल	५०	५००
श्रम	१५ जना	४००	६,०००
जम्मा			१६,०४५.५

टहरा निर्माण खर्च

विवरण	परिमाण	दर (रु.)	जम्मा रकम (रु.)
बाँस	४० वटा	१५०	रु. ६,०००
प्लाष्टिक	३६ स्क्वार मिटर	५०	रु.१,८००
पराल	२५ के.जी.	१०	रु.२५०
डोरीहरु	एकमुष्ठ	१००	रु.१००
जम्मा			रु.८,१५०

टहरा निमार्णको जम्म खर्च रु. ८,१५० र एउटा टहराले २ बर्ष पुग्ने भएकाले प्रति बर्षको रु. ४,०७५ पर्न आउछ ।

आम्दानी

च्याऊ १२५ के.जी.

मूल्य रु. २००

च्याऊबाटको आम्दानी रु. २५,०००

च्याऊको मल रु. १५ का दरले २५० के.जी.को रु. ३,७५०

२ वर्ष पछिको बाँस रु. १० का दरले १५० के.जी.को रु. १,५००

जम्मा अम्दानी रु. ३०,२५०

जम्मा नाफा रु. ३०,२५० - रु. १६,०४६ = रु. १४,२०४

अतः यस प्रकारले गोब्रे च्याउ खेती गर्दा प्रति मौसम रु. १६,०४६ को खर्च र जम्मा रु. ३०,२५० को आम्दानी देखिनआउछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. १४,२०४ को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

ग. कन्य च्याउ खेती प्रविधि



कन्ये च्याउको खेती सामान्यतय परालमा ८००-१,४०० मिटरको उचाईमा चैत्रदेखि कार्तिक महिना सम्म गर्न सकिन्छ । २०º से. देखि ३०º से. तापक्रम साथै ८० प्रतिशतको सापेक्षे आद्रतामा यो च्याउ खेति गर्न सकिन्छ ।

- परालालाई २-२.५ इन्चको टुक्रा पारी काट्ने
- टुक्रा पारेको परालालाई सफा पानीमा २ घण्टा सम्म डुवाएर राख्ने र त्यस पछि सफासँग पखाल्ने
- सफा गरेको परालालाई १.५ घण्टा सम्म मज्जासँग बफाउने ताकी त्यस परालमा भएका सबै अनावश्यक जीवहरु मरुन्
- १६**X**१८ वर्ग इन्चका प्लाष्टिकका थैलाहरु लिने
- प्रत्येक थैलामा काटेर बफाएको पराल राख्दै राम्रोसँग थिच्ने र ४ इन्चको पराल भए पछि च्याउको विउ राख्ने । यो प्रक्रिया थैलो नभरिन्जेल दोहोराउने ।
- थैलो भरिए पछि थैलोको मुख टम्म बाध्ने
- थैलोलाई ठाउँ ठाउँमा प्वाल पार्ने (करिब १० से.मि.को फरकमा)
- यसरी तयार भएका थैलालाई २०º से. देखि ३०º से. तापक्रम र सापेक्षे आद्रता ८० प्रतिशत भएको सिधै घाम नछिर्ने कोठामा झ्याल ढोका बन्द गरेर राख्ने
- प्रत्येक ४-५ दिनमा निरिक्षण गर्ने
- दुइ तीन हप्ता पछि जब थैलामा सेतो ढूसी देखिनथाल्छ त्यस पछि प्लाष्टिक हटाउनु पर्छ र परालको डल्लोलाई काठ वा इट्टा माथि राख्ने
- अब झ्यालमा जाली राखेर झ्याल खुल्ला राख्ने

- च्याउ भएको परालको डल्लोमा विहान बेलुका हल्का पानी हाल्ने
- प्लाष्टिक हटाएको करीब १ हप्ता पछि च्याऊ टिप्न तयार हुन्छ
- १ किलोग्राम परालबाट ३००-४०० ग्राम च्याउ उत्पादन गर्न सकिन्छ

आम्दानी खर्चको हिसाव (३५० पोका)

खर्च तर्फ

विवरण	परिमाण	दर (रु.)	जम्मा रकम (रु.)
पराल	१,०५० के.जी.	१०	रु. १०,५००
वीऊ	२३४	२५	रु. ५,८५०
दाउरा	५० के.जी.	६	रु. ३००
प्लाष्टिकको थैला	२ के.जी.	२००	रु. ४००
डोरी	एकमुष्ट	१००	रु. १००
टहरा	प्रति वर्ष	४,०७५	रु. ४,०७५
श्रम	१० जना	४००	रु. ४,०००
अन्य	एकमुष्ट	७७५	रु. ७७५
जम्मा			रु. २६,०००

टहरा निर्माण खर्च

विवरण	परिमाण	दर (रु.)	जम्मा रकम (रु.)
बाँस	४० वटा	१५०	रु. ६,०००
प्लाष्टिक	३६ स्क्वार मिटर	५०	रु.१,८००
पराल	२५ के.जी.	१०	रु.२५०
डोरीहरु	एकमुष्ठ	१००	रु.१००
जम्मा			**रु.८,१५०**

टहरा निमार्णको जम्म खर्च रु. ८,१५० र एउटा टहराले २ बर्ष पुग्ने भएकाले प्रति बर्षको रु. ४,०७५ पर्न आउछ ।

आम्दानी

च्याउ १,०५० के.जी. परालबाट १ के.जी. प्रति के.जी.को दरले = १,०५० के.जी.

मूल्य रु. ८०

च्याउँबाटको आम्दानी रु. ८४,०००

२ वर्ष पछिको बाँसबाट रु. १० का दरले १५० के.जी.को रु. १,५००

च्याँउको मल रु. १० का दरले ५०० के.जी. को रु. ५,०००

जम्मा आम्दानी रु. ९०,५००

जम्मा नाफा रु. ९०,५०० - रु. २६,००० = रु. ६४,५००

अतः यस प्रकारले कन्य च्याउ खेती गर्दा प्रति मौसम रु. २६,००० को खर्च र जम्मा रु. ९०,५०० को आम्दानी देखिनआउछ । तसर्थ, यस हिसावले किसानले प्रति मौसम रु. ६४,५०० को खुद नाफा गर्न सक्ने देखिन्छ । यसमा पनि नाफा बढाउन किसानले आवश्यक हेरफेर गर्न पनि सक्छन ।

मल र मलमा पाइने विरुवाका पोषक तत्वहरु

जैविक मलमा हुने विरुवाका पोषक तत्वहरुको प्रतिशत

क्र.स.	मलको प्रकार	नाइट्रोजन (%)	फोस्फोरस (%)	पोटास (%)
१	गोठे मल	०.५-१.५	०.५	०.५-१.०
२	कुखुराको मल	४.७	३.५	३.५
३	हरियो मल (ढैंचा)	३.५	०.६	१.२
४	कम्पोस्ट मल	१.०	०.५	१
५	पिना मल	५.२	१.८	१.२
६	गोबरग्यासको मल			
७	हाडको काँचो धूलो	३-४	२०-२२	
८	असुरोको मल	४.३	०.९	४.५
९	तोरीको पिना	४.८	२.०	१.३
१०	रात्री मल	५.५	४	२
११	रगतको मल	१०-१२	१-२	

आवश्यक मलको मात्रा हिसाव गर्ने तरिका

हाम्रो खेत वारीमा लगाईएका बालीलाई चाहिने पोषक तत्वहरु उचित मात्रामा प्रयोग गरेमा मात्र त्यस बालीबाट यथेष्ट लाभ लिन सकिन्छ । हरेक बालीका लागि छुट्टा छुट्टै मात्रामा मलको आवश्यकता पर्दछ । सिफारिस गरिएको मलको मात्रा नाईट्रोजन, फोस्फोरस र पोटासको रुपमा हुन्छ । हामीले प्रयोग गर्ने मलहरुमा तिनीहरुको मात्रा फरक फरक हुन्छ । जस्तै, माथि दिइएको तालिकामा हरेक स्रोतमा नाईट्रोजन, फोस्फोरस र पोटासको मात्रा फरक फरक छ । त्यस कारण १ के.जी. कुखुराको मलले दिने पोषक तत्व र १ के.जी. कम्पोष्ट मलले दिने पोषक तत्व बरावर हुन्न । त्यसै गरि १ के.जी. यूरिया मले दिने नाईट्रोजन ४६० ग्राम हुन्छ भने १ के.जी. डि.ए.पी. मलले दिने नाईट्रोजन १८० ग्राम मात्र हुन्छ । अत, तल दिइएको सुत्र प्रयोग गरेर हामीलाई चहिने मलको मात्रा निकल्न सकिन्छ ।

$$\text{आवश्यक मलको मात्रा} = \frac{A*B}{C} * 100$$

यहा, A = मल हाल्नु पर्ने क्षेत्रफल

B = सिफारिस गरिएको पौष्टिक तत्वको मात्रा

C = प्रयोग गरिने मलमा चाहिएको पौष्टिक तत्वको मात्रा

उदाहरण १,

रामतोरीया खेतीको लागि सिफारिस गरिएको नाईट्रोजनको मात्रा १० के.जी. प्रति रोपनी छ । २ रोपनीमा रामतोरीया खेती गर्दा कति के.जी. यूरिया मल चाहिन्छ ?

समाधान,

सिफारिस नाईट्रोजनको मात्रा = १० के.जी.

लगाउने क्षेत्रफल = २ रोपनी

यूरिया मलमा नाईट्रोजनको प्रतिशत = ४६ %

अब, सूत्र अनुसार,

$$\text{आवश्यक यूरिया} = \frac{A*B}{C} * 100$$

$$= \frac{2*10}{46} * 100 \quad = \text{४३.४८ के.जी.}$$

अत, २ रोपनीमा प्रति १० के.जी. नाईट्रोजन पुऱ्याउन ४३.४८ के.जी. यूरिया मल राख्नु पर्दछ ।

उदाहरण २

माथिकै तरकारी खेती गर्न यूरियाको सट्टा कुखुराको मल प्रयोग गरे कति मल हाल्नु पर्छ ?

समाधान,

सिफारिस नाईट्रोजनको मात्रा = १० के.जी.

लगाउने क्षेत्रफल = २ रोपनी

कुखुराको मलमा नाईट्रोजनको प्रतिशत = ४.७ %

अब, सूत्र अनुसार,

आवश्यक कुखुराको मल = $\frac{A*B}{C} * 100$

$= \frac{2*10}{4.7} * 100$ = ४२५.५ के.जी.

अत, २ रोपनीमा प्रति १० के.जी. नाईट्रोजन पुऱ्याउन ४२५.५ के.जी. यूरिया मल राख्नु पर्दछ ।

रासायनिक मलमा हुने विरुवाका पोषक तत्वहरुको प्रतिशत

क्र.स.	मलको प्रकार	नाइट्रोजन (%)	फोस्फोरस (%)	पोटास (%)	जिन्क (%)	सल्फर (%)
१	यूरिया	४६				
२	एमोनियम सल्फेट	२१	३.५	३.५		२०-२५
३	कम्प्लेक्स	२०	२०			
४	कम्प्लिट	१९	१९	१०		
५	डि.ए.पी.	१८	४६			
६	सिंगल सुपर फस्फेट		१६			
७	डवल सुपर फस्फेट		३२			
८	ट्रिपल सुपर फस्फेट		४८			
९	म्यूरेट अफ पोटास			६०		
१०	जिंक सल्फेट				२२-३५	

सन्दर्भ सामग्रीहरु

आचार्य, अनिल कुमार र देवराज अधिकारी. २०६६/०६७. **नेपालका प्रमुख व्यवसायीक तरकारी** बालीका जातहरु र तिनमा देखिने **प्रमुख समस्या तथा समाधान**

उत्पादन लागत. २०४८.कृषि विकास **बैंक. बाली,** फलफूल **बिकास** तथा पशुपंछी समूह ऋण बिभाग, मुख्य कार्यालय, **काठमाण्डौ**

कन्ये च्याउ खेती. २०६६/६७. कृषि सूचना तथा संचार केन्द्र, हरिहरभवन ललितपुर

कृषि बजार तथा बजार व्यवस्थापन क्षमता अभिवृद्धि आयोजना (२००९), खेती व्यवस्थापन तथा कृषि उद्यम विकास : तालिम निर्देशिका (भाग ५), कृषि बजार तथा बजार व्यवस्थापन क्षमता अभिवृद्धि आयोजना (टिसिपी/नेप/३१०४ डी), काठमाडौं, नेपाल ।

कृषि डायरी २०६८, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर

कृषि डायरी २०६९, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर

काफ्ले, अरुण र धन बहादुर राना.काँक्रो खेति प्रविधि तथा रोग किरा व्यावस्थापन.कृषि द्वैमासिक. वर्ष ४८ बैसाख-जेष्ठ २०६८ अंक १. कृषि सूचना तथा संचार केन्द्र

काफ्ले, अरुण र धन बहादुर राना.काँक्रो खेति प्रविधि तथा रोग किरा व्यावस्थापन.कृषि द्वैमासिक. वर्ष ४८ बैसाख-जेष्ठ २०६८ अंक १. कृषि सूचना तथा संचार केन्द्र

कुरिलो खेतिः उन्नत प्रविधि. कृषि सूचना तथा संञ्चार केन्द्र. २०६७/६८

जैसी, सदानन्द (अभागी). २०६७/६८. प्राङ्गारिक मल बनाउने तथा प्रयोग गर्ने तरिका. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि सूचना तथा संचार केन्द्र, हरिहरभवन, ललितपुर, नेपाल

बेमौसमी तरकारी उत्पादन निर्देशिका, नेपाल सिमी आयोजना, बखुण्डोल, ललितपुर

भेडे खुर्सानी खेती प्रविधि, तरकारी विकास निर्देशनालय, खुमलटार, ललितपुर. २०६०

मूल्य स्थिति तथा आगमन सम्बन्धी वार्षिक विवरण बि.सं. २०६७. २०६८ बैशाख . योजना, अनुगमन, मूल्यांकन र सूचना शाखा. कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति. कालिमाटी-१३, काठमाडौं, नेपाल

नेपाल केषि प्रविधि पुस्तक. २०६२. कृषि सुचना तथा संचार केन्द्र. हरिहरभवन ललितपुर.

राष्ट्रिय बीउ बिजन समितिबाट सूचित बाली तथा जातहरु . २०६८, माघ. नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुर

रिजाल, कृष्ण प्रसाद. बाखा पालन पुस्तिका. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, केन्द्रिय भेडा बाखा प्रवर्द्धन कार्यालय, हरिहरभवन ललितपुर. आ.ब. २०६७/०६८

Commercial Vegetable production recommendation. 2010. Virginia Cooperative Extension. Publication 456-420.

Regmi, Hom Nath and Deepa Singh Shrestha. 2005. Horticulture Science.

Scott A. Smith and Timothy G. Taylor. Production Costs and Commodity Budgets for Selected Florida Vegetables. University of Florida. IFAS Extension

Training Manual in Mushroom cultivation Technology. United Nation. Economic and Social Commission for Asia and Pacific.

VDD. Annual Report.2062. Vegetable Development Division, khumaltar, Lalitpur, Nepal.

www.nutrition-and-you.com/bell-pepper.html

www.nutrition-and-you.com/bitter-gourd.html

www.nutrition-and-you.com/mustard-green.html

www.nutritiondata.self.com/facts/vegetables-and-vegetable-products/2319/2

http://nutritiondata.self.com/facts/vegetables-and-vegetable-products/2439/2

www.nutritiondata.self.com/fact/vegetable-and-vegetable-products/2639/2

www.nutritiondata.self.com/facts/vegetables-and-vegetable-products/3050/2

www.shitakemushroomlog.com/fact&nutrition.html

ललितपुर जीविकोपार्जन कार्यक्रमका झलकहरु



प्रकाशकको परिचय :

वातावरणीय सन्तुलन प्रति जनचेतना जगाउँदै सामुदायिक विकासको क्षेत्रमा जनताको संगठन र नेतृत्वको विकासको माध्यमबाट जनतासंग काम गर्ने उद्देश्यले सन् १९९१ मा इकार्डस्-नेपाल (Environment, Culture, Agriculture, Research and Development Society, Nepal) को स्थापना भएको हो । नेपालका बहुसंख्यक किसानहरु मध्ये गरीब, पछाडि पारिएका, हेपिएका, दविएका अवस्थामा रहेका समुदायहरुलाई सक्षम र सशक्त बनाउने लक्ष्य लिइ स्थापित यस संस्थाले उनीहरुलाई एक जुट हुन प्रेरित गर्ने, छलफल र भेला तथा अनौपचारिक शिक्षाका साथै चेतना जागरण गतिविधिहरुमा सहयोग गर्ने र स्थानीय श्रोतहरुको पहिचान गर्ने, कृषि जन्य आयआर्जन, वातावरण संरक्षण र मानवीय क्षमताको विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । गरीव तथा मौकाबाट वंचितवर्ग तथा समुदाय विशेषतः महिलाहरुलाई उनीहरुको समस्या पहिचानमा संमिलित हुने र उनीहरु नै समाधानका अगुवा हुने कुराले मात्र साँचो अर्थमा उनीहरुको मुक्ति हुन सक्छ भन्ने दृढ विश्वास यस संस्थाको रहेको छ ।

इकार्डस्-नेपालले आफ्नो जीवनका २१ वर्षमा देशका ५० भन्दा बढी जिल्लाहरु र विशेषतः दुर्गम ग्रामीण क्षेत्रहरुमा आफ्ना कार्यक्रमहरु कार्यान्वयन गरेको छ । यस अवधिमा यसले स्थानीय, देश बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र दातृ निकायहरुसंग काम गरी विविध क्षेत्रमा अनुभव संगालेको छ ।

इकार्डस्-नेपाल स्थानीय, अन्तर्देशीय र अन्तराष्ट्रिय संघ, संस्था, दातृ निकायहरुसंग मिलेर देशका गरीव र पिछडिएका क्षेत्रहरुमा काम गर्न जुटेको छ र तिनै आवश्यक ठाउँहरुमा कार्यक्रम संचालन गर्ने यसको नीति छ । लक्षित समुदायसंगको समन्वयमा आर्थिक तथा सामाजिक विकास कार्यक्रम, विकास पूर्वाधार निर्माण, दिगो कृषि प्रणाली अनुसन्धान तथा प्रसार, प्रकृतिक श्रोत व्यवस्थापन, क्षमता अभिबद्धि कार्यक्रम लगायतका कार्यक्षेत्र यसका मुख्य विशेषता हुन् । अतः हामी आफ्नो नीतिसंग मेल खाने निकायहरुसंग मिलेर काम गर्नु झन् उपयुक्त देख्छौं । हालै भएको जनआकांक्षा अनुसारको परिवर्तनले देशमा गणतन्त्रको स्थापना गरेको छ । यस परिस्थितिमा हाम्रो देशका गरीब र पिछडिएका क्षेत्रहरुमा काम गर्ने आवश्यकता झन् टड्कारो हुन आएको छ । अतः यदि तपाईको हामीसंग काम गर्ने चाहना वा अवस्था छ भने अथवा तपाई हाम्रो वारेमा अझ बढी जान्न चाहनुहुन्छ भने हामीसँग सम्पर्क राख्नु होला ।

हाम्रो सम्पर्क ठेगाना:

इकार्डस्-नेपाल, पोष्ट बक्स नं. ८११५, काठमाडौं ।

फोन: ०१-६२०२६३१/४६०२२३४, फ्याक्स: ०१-४६०१७५७

Email: ecards@wlink.com.np, Web: www.ecards.org.np